## निर्वाचन बहिष्कार

काठमाडौं । नेकपा माओवादीबाट नेकपा मात्र भएको विप्लव नेतृत्वको समूहले स्थानीय तह निर्वाचनलाई सक्रिय रुपमा बहिष्कार गर्ने निर्णय गरेको छ । यतिमात्र होइन चुनाव प्रचारमा लागेका उम्मेदवारको कान नै काटिदिएर सजाय दिने तयारी गरिरहेको समाचार समेत सार्वजनिक भएको छ ।

विप्लव समूहको यस्तो हर्कतसँग उम्मेदवारहरु भने डराएको देखिँदैन । सुरक्षा निकायले भने यो समूहलाई सुरक्षा चुनौतीका रुपमा लिएको छ । विप्लव समूहले चुनावलाई नौटंकीको संज्ञा दिँदै यसको कुनै अर्थ नरहने जनाएको छ । नेकपाले जनसरकार समेत गठन गरिसकेको छ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ४, २०७४ साल वैशाख २२ गते शुक्रबार, नेपाल संवत् ११३७ (May 5, 2017) Website : www.greaternepal.com.np मूल्य रु. १०।-

## विनोद चौधरी विवादमा

काठमाडौं । प्रसिद्ध 'फोब्स' पत्रिकाले संसारका अरबपतिको सूचीमा नेपाली उद्योगपति विनोद चौधरीको नाम राखेपछि त्यसको आधारबारे सरोकारवालाहरुले सो पत्रिकासँग जिज्ञासा राखेको बुझिएको छ । चौधरीले हालैमात्र आफ्ना छोरा वरुण चौधरीको विवाह भारतीय युवतीसँग भारतमै गएर गराएका छन् ।

वरुणको विवाहमा 'फोब्स' टिमका अध्यक्ष समेत उपस्थित भएपछि अरबपतिको नाम प्रायोजित रहेको आशंका गर्न थालिएको छ । विनोदले फोब्सको सम्पूर्ण टिमलाई नै वैवाहिक समारोहमा उपस्थित हुन निमन्त्रणा गरेका थिए । चौधरीको व्यापारमा सिक्किमका बाँकी ८ पेजमा

# संसद बाहिरका दलहरुको बन्ध्याकरण

काठमाडौं । वर्तमान संसद रुपान्तरित संसद हो । संविधान निर्माणको प्रयोजनका लागि संविधानसभाको दोस्रो चुनाव भएको थियो । संविधानसभाको दोस्रो संस्करणको चुनाव राजनीतिक दलहरुले गराएका होइनन् । तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको पेन्सनवाला कर्मचारीहरुको सरकारले सो चुनाव गराएको हो । संविधानसभाले २०७२ असोज ३ गते नयाँ संविधान गारी गरेपछि संविधानसभाको औचित्य समाप्त भयो । तत्काल ताजा जनादेशमा नगई दलहरुले मिलेर संविधानसभालाई रुपान्तरित संसदमा परिणत गरे । संविधान बनाउन जनताले निर्वाचित गरेका सभासदहरु फेरि सांसदको रुपमा लाखे बनेर देखापरे । रुपान्तरित संसदले ९ चैत २०७३ मा एउटा विवादास्पद र आपत्तिजनक निर्वाचन ऐन पारित गऱ्यो । स्थानीय तह निर्वाचन ऐन ल्याएर संसदभित्र हालिमुहाली गरिरहेका ठूला दलहरुले नयाँ दल दर्ता हुन नसक्ने र संसदमा भएका दलमध्ये पनि तीन प्रतिशत थ्रेसहोल्ड कटाउने दलले मात्र दलीय मान्यता प्राप्त गर्ने प्रावधानले साना दलहरुको बन्ध्याकरण गरिदियो । यो ऐनका आधारमा संसदमा रहेका दलबाहेक अरुले स्वतन्त्र हैसियतमा चुनाव आयोगमा दल दर्ता भए पनि चुनाव चिन्ह दिए पनि उक्त दल र चिन्ह निर्वाचनमा प्रयोग गर्न नपाइने ऐनमा उल्लेख भएकाले संसद बाहिरका अन्य दलहरुले स्वतन्त्र हैसियतमा स्थानीय तह निर्वाचनमा आफ्ना उम्मेदवारहरु उठाएका छन् ।

लोकतन्त्रमा ठूला दलहरुले गरेको यस्तो निषेधको राजनीतिको संसद बाहिरका दलहरुले तीव्र विरोध गर्दै आन्दोलनसमेत गरे । 'विधेयक खारेज गर' भन्दा नयाँ शक्तिकी नेतृ हिसिला यमीको जिब्रो लर्बरिएर 'देश खारेज गर' भनेपछि नयाँ शक्तिको आन्दोलन बीचैमा तुहिन पुग्यो । निर्वाचन आयोगमा दर्ता भएका र चुनाव चिन्ह पाएका संसद बाहिरका दलहरुले निर्वाचन आयोगका हरेक कार्यक्रमहरु नै बाहिष्कार गरिरहे । नयाँ दलहरुलाई चुनावमा आउन नदिने रणनीतिस्वरुप ठूला दलहरुले ल्याएको स्थानीय तह निर्वाचन ऐनका कारण नयाँ दलहरुले आफ्नो प्रतिबद्धतापत्र अर्थात घोषणापत्र जनतासमक्ष लान पाएनन् ।

बहुदलीय व्यवस्थामा नयाँ दलहरुको अस्तित्व अस्वीकार गरिनु घोर आपत्तिजनक विषय हो । स्थानीय तह निर्वाचनको माहौल तातिँदै जाँदा



विशेषत: चार शीर्ष दलहरु कांग्रेस, एमाले, माओवादी केन्द्र र राप्रपाले मात्र चुनावमा भाग लिइरहेको जस्तो देखिँदैछ र ठूला मिडियाहरुले पनि उनीहरुलाई मात्र प्राथमिकतामा राखेका छन् । चर्चित नयाँ दलहरु देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चा, नयाँ शक्ति नेपाल, साझा पार्टी जस्ता दलहरुको चर्चा शून्य छ । यी पार्टीहरुको नेतृत्व सुपरिचित अनुहारहरु क्रमश: डा. सुरेन्द्र ढकाल, डा.बाबुराम भट्टराई र रविन्द्र मिश्रले गरेका छन् । यी नयाँ दलहरुले स्वतन्त्र हैसियतमा उम्मेवार उठाउनुपरेको छ । स्वतन्त्र उम्मेदवारहरुलाई निर्वाचन आयोगले बल्ल आज चुनाव चिन्ह दिँदैछ । स्वतन्त्र उम्मेदवारले चुनावी प्रचारप्रसार गर्नसमेत सीमित समय दिएर निर्वाचन आयोगले समेत अन्याय गरेको छ ।

टेलिभिजन च्यानलहरु र राष्ट्रिय दैनिक पत्रिकाहरु चुनावमय भइरहेका छन् । उनीहरुले पनि नयाँ दलहरुलाई स्थान दिएको देखिँदैन । सञ्चार माध्यमहरुले पनि ठूला दलहरुकै प्रचार गरिरहेका छन् । कांग्रेस, एमाले, माओवादी केन्द्र र राप्रपाकै मात्र उम्मेदवारहरुको नाम महत्वका साथ प्रकाशित गरिरहेका छन् । मानौं, महानगर नगर र गाउँपालिकाको चुनावमा यिनै चार दलले मात्र उम्मेदवार खडा गरेका छन् । यहाँसम्म कि संसदभित्रकै संघीय समाजवादी फोरम र लोकतान्त्रिक फोरमका उम्मेदवारलाई समेत 'टाइकुन' मिडियाहरुले कुनै स्थान दिएको देखिँदैन । बहुदलीय होइन चारदलीय व्यवस्था हो कि जस्तो अनुभव गर्न थालेका छन् जनता ।

कांग्रेस, एमाले, माओवादी केन्द्र र राप्रपा जस्तो पार्टीहरु मात्र प्राय: सत्तामा गएका छन् । यी दलहरुले कहिल्यै विकासमुखी राजनीति नगरेका कारण नेपाल विश्वकै दरिद्र मुलुकको सूचीमा सूचीकृत हुन पुगेको हो । यतिमात्र होइन संसारकै भ्रष्ट मुलुकहरुमध्येमा नेपाललाई चिनाउने पनि यिनै ठूला दलहरु हुन् । नेपाल सँगसँगै राजनीतिक क्रान्ति सम्पन्न गरेका छिमेकी मुलुकहरु चीन र भारत विश्वका शक्तिराष्ट्रको पंक्तिमा उभिँदा नेपाल अझै अतिकमविकसित राष्ट्रको निरीह अवस्थामा जकडिइरहेको छ । द्वन्द्वग्रस्त अफ्रिकी मुलुक रुवान्डाभन्दा पनि नेपालको आर्थिक अवस्था खस्केको छ । नेपालसँगै लोकतान्त्रिक शासन अवलम्बन गरेको इथोपिया जो भोकमरीबाट पीडित राष्ट्रका रुपमा चिनिन्थ्यो, यसले समेत आश्चर्यजनक रुपमा आर्थिक उन्नति गरेर नेपाललाई पछाडि धकेलिसकेको छ । अफ्रिकी मुलुकहरु हाइटी, कंगो, सुडानसँग समेत नेपालको तुलना हुन छोडेको छ । यी मुलुकहरुले आन्तरिक द्वन्द्वका बाबजुद पनि आर्थिक अवस्थामा आशलाग्दो सुधार गरिरहेका छन् । नेपालको हालत यस्तो टिठलाग्दो बनाउने दलहरु नै कांग्रेस, एमाले, माओवादी र राप्रपा हुन् ।

राजाको नेतृत्वमा ३० वर्ष एकछत्र शासन गर्ने महापञ्च नै समष्टिगत रुपमा राष्ट्रिय प्रजातन्त्र पार्टी रुपमा गोलबद्ध छन् । ०४६ सालको जनआन्दोलनपछि पुनर्वहाली भएको बहुदलीय व्यवस्था पनि महापञ्चहरुलाई फलिफाप नै भयो । सूर्यबहादुर, लोकेन्द्रबहादुरले कार्यकारी प्रमुखका हैसियतमा मुलुक हाँक्ने सौभाग्य पाए । राजतन्त्रको अवसान भएर देशमा गणतन्त्र स्थापना भयो । गणतन्त्रमा पनि कमल थापा उपप्रधानमन्त्री भए । थुप्रै पूर्वराजावादीहरुले मन्त्री बन्ने सौभाग्य पाए । हिन्दू धर्मका नाममा राजनीति गरेर कमल थापाहरु समानुपातिकको जस्केलाबाट सिंहदरबार छिरेर पटक पटक 'मालदार' मन्त्रालयहरुको नेतृत्व लिने अवसर पाए । आफ्नो दल, आफ्ना कार्यकर्ता पोस्नेभन्दा राप्रपाले उल्लेख्य कुनै काम गरेको जनतालाई थाहा छैन । संवैधानिक राजतन्त्र र हिन्दू राष्ट्रको वकालत गर्ने राप्रपा धर्मनिरपेक्ष र गणतान्त्रिक बाँकी ८ पेजमा

## देपसा मोर्चा चुनावी मैदानमा







काठमाडौं । 'राजनीति लिएर होइन, दिएर गरौं' भन्ने नारालाई यथार्थमा बदल्न पार्टी अध्यक्ष बन्नुअगाडि नै आफ्नो सम्पूर्ण सम्पति ट्रस्ट बनाएर राख्नुभएका सुरेन्द्र ढकाल देशभक्त पर्यावरणीय सामाजिक मोर्चाका तर्फबाट काठमाडौं महानगरपालिकाको मेयरको उम्मेदवार बन्नुभएको छ ।

ठूलो तामझामका साथ ठूला दलहरुले उम्मेदवारी दर्ता गर्न गए पनि प्रस्तावक समर्थकलाई मात्र लिएर उम्मेदवारी दर्ता गर्न जानुभएका ढकालले आफ्नो उम्मेदवारी पुराना दलदरुले अहिलेसम्म गरेका भ्रष्टाचार, राष्ट्रघात, प्रदूषण र सामाजिक विकृतिका विरुद्ध भएको बताउनुभयो ।

'नेताको मुहार चिल्लो हुँदैमा देश र जनताको मुहार चिल्लो हुँदैन, देशको मुहार चिल्लो हुँदा मात्र जनताको मुहार फेरिन्छ' भन्ने उद्गार व्यक्त गर्ने ढकालले चुनाव प्रसारप्रसारको क्रममा विभिन्न नौवटा प्रश्न जनतासमक्ष राख्ने बताउनुभएको छ । नेपाललाई संसारको दसमध्ये एक कंगाल र अति कम विकसित राष्ट्र बनाउने को हो ?, नेपाललाई संसारको दसमध्ये एक भ्रष्ट राष्ट्र बनाउने को हो ? नेपाललाई भारतको एकल बजार बनाई संसारको सबैभन्दा ठूलो व्यापारघाटा भएको मुलुक बनाउने को हो ? राजधानी काठमाडौंलगायत नेपालका सहरहरुलाई विश्वकै प्रदूषित र अनियोजित सहर बनाउने को हो ? लगायतका जल्दाबल्दा प्रश्नहरु जनतासमक्ष राख्दै अब पनि यस्तै प्रश्नको भुमरीमा देशलाई राख्ने अथवा विकृति विसंगतिका बाहक पुराना दलहरुलाई विस्थापित गरेर नयाँलाई स्थापित गर्ने ? लोकतन्त्रको जग भनेकै स्थानीय निकाय भएकाले स्थानीय निकायको नेतृत्व सक्षम रहनुपर्ने ढकालको धारणा रहेको छ । इटली र जर्मनीका विश्वविद्यालयबाट उच्च शिक्षा र विशेषज्ञता हासिल गरी लामो समयसम्म समाजसेवाको क्षेत्रमा सक्रिय रहनुभएका ढकाल नेपाली राष्ट्रवादका कट्टर हिमायती र ग्रेटर नेपालका अभियन्ता हुनुहुन्छ । राजधानीको केन्द्र मानिने नयाँ बानेश्वरका स्थायी बासिन्दा ढकाल काठमाडौंमा नै जन्मिएकाले महानगरका सम्पूर्ण कुनाकाप्चासँग परिचित हुनुहुन्छ । बाँकी ८ पेजमा

## मेयर र उपमेयरमा महिला उम्मेदवार

काठमाडौं । प्रदेश नम्बर ३, ४ र ६ मा चार महानगरपालिका, एक उपमहानगरपालिका, ९२ नगरपालिका र एक सय ८६ गाउँपालिका गरेर दुई सय ८३ स्थानीय तहमा पहिलो चरण अन्तर्गत वैशाख ३१ गते निर्वाचन हुनेछ । स्थानीय तहको निर्वाचनमा महिलातर्फ माओवादी केन्द्रबाट रेणु दाहाल र कल्पना शर्माले मेयर पदमा उम्मेदवारी दिएका छन् भने कविता ढुंगाना, सीतादेवी घिमिरे र जानुका पराजुलीले उपमेयर पदमा उम्मेदवारी दिएका छन् ।

प्रचण्डपुत्री रेणु दाहालले भरतपुर महानगरपालिकाको मेयर पदका लागि उम्मेदवारी दिएकी हुन् भने माओवादी केन्द्रबाटै दीनानाथ शर्माकी पुत्री अधिवक्ता कल्पना शर्माले काठमाडौंको टोखा नगरपालिकामा मेयर पदमा उम्मेदवारी दिएकी हुन् । त्यस्तै चौतारा साँगाचोकगढी नगरपालिकाको उपमेयरमा माओवादी केन्द्रको पोलिटव्यूरो सदस्य ध्रुव पराजुलीकी छोरी जानुका पराजुलीले उम्मेदवारी दिएकी छन् भने नुवाकोटको वेलकोटगढी नगरपालिकाको उपमेयरमा अधिवक्ता कविता ढुंगानाले उम्मेदवारी दिएकी छन् । कुञ्जना घिमिरे (सुन्तली) की आमा सीतादेवी घिमिरेले ललितपुरको गोदावरी नगरपालिकामा उपमेयरको लागि उम्मेदवार दिएकी छन् । विवेकशील नेपाली पार्टी समर्थनमा स्वतन्त्र उम्मेदवार २१ वर्षीय रञ्जु न्यौपाने (रञ्जु दर्शना) ले काठमाडौं महानगरपालिकाको मेयरको रुपमा उम्मेदवारी दिएकी छन् । कारोबार दैनिककी पत्रकार राधिका ढकालले नेपाली कांग्रेसको तर्फबाट काभ्रेको मण्डन देउपुर नगरपालिकाको उपमेयरको रुपमा उम्मेदवारी दिएकी छन् । यसैगरी देशभक्त पर्यावरणीय सामाजिक मोर्चाबाट टोखा नगरपालिकामा गीताकुमारी घिमिरे उपमेयरको उम्मेदवार बनेकी छन् ।

## को को कहाँ निर्विरोध

काठमाडौं । सिन्धुपाल्चोकमा तीन दलित महिला निर्विरोध निर्वाचित भएका छन् । उनीहरु वडा सदस्यमा निर्विरोध चुनिएका हुन् । एमालेबाट २ र कांग्रेसबाट १ दलित महिला निर्विरोध भएका छन् । मेलम्ची नगरपालिका वडा नं. ४ बाट एमालेकी कृष्णकुमारी नेपाली निर्विरोध भएकी छन् । एमालेबाटै गीता सुनाम इन्द्रावती गाउँपालिका ११ वडाबाट दलित सदस्यमा निर्विरोध भएकी छन् ।

काठमाडौंमै नेपाली कांग्रेसबाट २ जना महिला उम्मेदवारहरु निर्विरोध भएका छन् । टोखा नगरपालिका-६ बाट दिलमाया विश्वकर्मा र वडा नम्बर २ बाट कांग्रेसकै उम्मेदवार प्रतिमा हिङमाङ सदस्यमा निर्विरोध भएका हुन् ।

यस्तै मकवानपुरका सातजना दलित महिला उम्मेदवार निर्विरोध भएका छन् । राक्सिराग गाउँपालिकामा एमालेका तर्फबाट दलित महिला उम्मेदवार कौशिलामाया सुनुवार भएकी छन् । मकवानपुर गढी इन्द्रसरोवर गाउँपलिका १ मा कांग्रेसकी ठूलीमाया विश्वकर्मा निर्विरोध भएकी छन् । बकैया गाउँपालिका १ मा एमालेकी उम्मेदवार लालीमाया विश्वकर्मा र बकैया ९ मा एमालेकै शान्त विश्वकर्मा निर्विरोध भएका छन् । यस्तै माओवादी केन्द्रबाट दलित महिला विष्णुमाया विश्वकर्मा वाग्मती गाउँपालिका ३ र मनहरी गाउँपालिका ५ मा कमला विश्वकर्मा निर्विरोध भएका छन् ।

यसैगरी मनाङको नारफु गाउँपालिकामा नेपाली कांग्रेसका मिङमार छिरिङ लामा निर्विरोध निर्वाचित भएका छन् । गाउँपालिकाको ५ वटै वडामा कांग्रेसका बाँकी ८ पेजमा

## पत्रकार पनि चुनावी मैदानमा

पर्वत । नेपाल पत्रकार महासंघ पर्वतका तीन सदस्यले प्रमुख दलबाट स्थानीय तहको चुनावमा उम्मेदवारी दिएका छन् । धौलागिरी शाखाका पूर्वउपसभापति रामचन्द्र जोशीले कुश्मा नगरपालिकाको प्रमुखमा कांग्रेसबाट उम्मेदवारी दिएका छन् । मोदी गाउँपालिकामा पत्रकार महासंघ पर्वतका संस्थापक विश्वप्रकाश प्रसाईंले अध्यक्षमा उम्मेदवारी दिएका छन् । महाशिला गाउँपालिका वडा नम्बर ५ को वडा अध्यक्षमा जीवन उच्चै ठकुरीले उम्मेदवारी दिएका छन् । आर्थिक पत्रकारितामा सक्रिय कारोबार दैनिकमा कार्यरत राधिका ढकालले नेपाली कांग्रेसको तर्फबाट काभ्रेको मण्डन देउपुर नगरपालिकाको उपमेयरको रुपमा उम्मेदवारी दिएकी छन् ।

समय-सन्दर्भ |

## निर्वाचनको निष्पक्षता र आयोगको भूमिका

राजेन्द्र शर्मा

वैशाख ३१ गते हुने पहिलो चरणको निर्वाचनमा उत्साहजनक ढंगले उम्मेदवारी दर्ता भएको छ । १३ हजार पाँच सय ५६ पदका लागि ४५ हजारभन्दा बढीको उम्मेदवारी दर्ता भएको छ । निर्वाचन आयोगका अनुसार प्रदेश ३, ४ र ६ अन्तर्गत ३४ जिल्लाका २ सय ८३ स्थानीय तहका लागि निर्वाचन प्रक्रिया आरम्भ भइसकेको छ । स्थानीय निर्वाचनको उम्मेदवारी दर्ताको अघिल्लो दिनसम्म पनि निर्वाचन हुने हो या होइन भन्ने बारेमा थुप्रै आशंका रहेका थिए । उम्मेदवारी दर्तासँगै निर्वाचन हुने पक्कापक्की भएको छ भने उल्लासमय ढंगको उम्मेदवारी दर्ता भएको छ ।

निर्वाचनलाई उत्सवका रुपमा लिने भन्ने सरकारी भनाइ र ठूला राजनीतिक दलहरुले तामझामपूर्ण ढंगले उम्मेदवारी दर्ता गराए पनि निर्वाचनले संसदमा नभएका दलहरु र निर्वाचन प्रक्रियामा समावेश नभएका दलहरुलाई भने उत्साही बनाउन सकेन । झन्डै बीस वर्षसम्म निर्वाचनविहीन र नेतृत्वविहीन अवस्थामा रहेका स्थानीय निकायले अब नयाँ संरचनासँगै नेतृत्व पनि नयाँ पाउने भएको छ । संघीय संरचनाको नयाँ ढाँचाअनुसार स्थानीय निकायहरु पूर्णरुपमा अधिकार सम्पन्न रहन्छन् । संविधानले दिएका अधिकार पूर्ण रुपमा कार्यान्वयन हुने हो भने स्थानीय निकायको महत्व र गरीमा चुलिएर जान्छ ।

स्थानीय निकायहरु शक्तिशाली बन्ने संवैधानिक र कानुनी अवधारणा भएअनुसार यी निकायहरुको नेतृत्व लिन राजनीतिमा सक्रिय हुनेहरुको लागि आकर्षणको विषय हुने नै भयो । त्यसैले त पूर्व सांसद सदस्यहरु समेत स्थानीय निकायमा उम्मेदवार बनेका छन् । निर्वाचनमा फेरि पनि पुरानै दलहरुको दबदबा बढ्ने निश्चित देखिएको छ । निर्वाचन आयोगले जतिसुकै आचारसंहिताको राग अलापे पनि संहिताले सत्तासीन दलहरु र ठूला दललाई छुन सक्दैन । यस्ता दलहरुले मतदातालाई प्रभावित पार्न निकाल्ने विभिन्न खालका झाँकी, जुलुस, ऱ्यालीहरुमा लाग्ने खर्चको आयोगले आँकलन गर्न सक्दैन । एउटै ठूलो ऱ्याली र सभामा लाखौं खर्च गर्ने यस्ता दलहरुलाई आयोगको आचारसंहिताले बन्दै हुन सक्दैन । बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाई**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सम्पादन सहयोगी**
**घनश्याम ओली/गोविन्द विक**

**बजार व्यवस्थापन**
**रामशरण रिमाल/धर्मराज पौडेल**

**मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं**
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail.com, www.greaternepal.com.np
*Visit : www.youtube.com Surendra Dhakal Social Activist*

सम्पादकीय

## महाअभियोग फिर्ता गर

स्थानीय चुनावको माहोलमा मुलुक प्रवेश गरिरहेको बेला सर्वोच्च अदालतका प्रधानन्यायधीश विरूद्ध संसदमा दर्ता भएको महाअभियोग प्रस्तावले ठूलै हलचल पैदा गरिदिएको छ । नयाँ संविधान पूर्ण रूपमा कार्यान्वयनमा आइनसकेको भए तापनि महाअभियोगको धारा दुईपल्ट त्रियाशील भइसकेको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीलाई पनि महाअभियोग लगाइएको थियो भने अहिले प्रधानन्यायाधीश सुशीला कार्कीलाई महाअभियोगको कसीमा घोट्ने प्रयासको थालनी भएको छ । लोकमान कार्की नियुक्ति प्रक्रियादेखि नै विवादित छवि भएका व्यक्तिका रूपमा चर्चित थिए भने उनले गरेका क्रियाकलाप पनि महाअभियोगको बाटो निर्माण गर्ने खालका थिए । प्रधान न्यायाधीश सुशीला कार्की नेपालको इतिहासमै पहिलो महिला प्रधानन्यायाधीश र निर्णय क्षमता प्रचुर मात्रामा भएकी निडर साथै गर्विलो छवि भएकी व्यक्तित्वमा गनिएकी थिइन् । अवकाश हुन केवल पैंतीस दिनको मात्र समयावधि बाँकी हुँदा उनीमाथि लगाइएको महाअभियोग अत्यन्तै पूर्वाग्रही ढंगबाट आएकोले यसको सर्वत्र विरोध, भर्त्सना र आलोचना भएको छ ।

राज्यका प्रमुख अंगका रूपमा रहेका व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका आआफ्नै खालका विशेषता र तदनुरूप कार्य रहेका हुन्छन् । यी अंगबीच शक्ति पृथकीकरण सिद्धान्तबमोजिम जिम्मेवारी र कार्य विभाजित हुन्छन् । एक अर्का अंगबीच परस्पर समन्वय र सम्मानले मात्र राज्यरूपी जहाज राम्रोसँग सञ्चालन हुन सक्छ । तर एकले अर्काविरूद्ध चुक्ली गर्ने र अनावश्यक शक्तिको दुरूपयोग गर्दै अर्को ढंगबाट कमजोर बनाउने प्रयास गरियो भने राज्यरूपी जहाजको हालत समुद्रको बीचमा हिंडिरहेको बेला प्वाल परेको जहाजको जस्तो हुन जान्छ ।

प्रधानन्यायाधीश सुशीला कार्कीले गरेको प्रहरी महानिरीक्षक नियुक्तिसम्बन्धी विवादको फैसला सरकारलाई टाउको दुखाइको विषय बन्यो । त्यसैगरी बालकृष्ण ढुंगेलको गिरफ्तारीको आदेशले पनि माओवादी अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्डलाई झस्काइरहेको थियो । अनि देउवा प्रचण्ड गठबन्धनबाट रातारात महाअभियोगको डिजाइन तयार पारियो । भ्रष्टाचारका ठूलठूला पेन्डिङ फाइलहरूतर्फ समेत सुशीला कार्कीको आँखा सोझिएपछि नराम्रोसँग झस्किन पुगेका व्यक्तिहरू समेतको मिलेमतोमा महाअभियोगको प्रस्ताव दर्ता भएको हो भन्ने कुरामा सायदै थप प्रमाण जुटाउनु पर्ला ।

प्रधानन्यायाधीश सुशीला कार्कीलाई लगाइएको महाअभियोगको नौ बुँदे आरोपमा कुनै तुक छैन । व्यक्तिगत लाभ, हानीको तराजुमा न्यायपालिकालाई तौलने प्रयास सरासर आलोच्य विषय हो । महाअभियोग प्रस्तावको सर्वत्र आलोचना र भर्त्सना भएको छ । यसै विषयलाई लिएर राप्रपाले सरकार छोडेको छ भने गृहमन्त्रीले राजीनामा दिएका छन् । कांग्रेस, माओवादी वृत्तभित्र पनि मत विभाजित रहेको छ भने प्रमुख प्रतिपक्षीले महाअभियोगको घोर विरोध गरेको छ । मानव अधिकारवादी संघसंस्था, कानुन व्यवसायी, नागरिक समाज, विद्यार्थी विभिन्न राजनीतिक दलहरू र सर्वसाधारणले समेत महाअभियोग फिर्ता गर्न माग गरेकाले तत्काल महाअभियोग प्रस्ताव फिर्ता गरी प्रधानन्यायाधीश कार्कीलाई ससम्मान पुनःस्थापना गरिनुपर्छ अनिमात्र कानुनी राज्यको सम्मान हुनेछ ।

# यही हो त हाम्रो प्रजातन्त्र ?



**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)

**सर्वहारावर्गको नेतृत्व भन्नेहरू वर्गसफाया र जनयुद्ध भन्दै नेपाली नागरिकहरूको आम कत्तल गर्दै उनीहरूको लासलाई भऱ्याङ बनाएर सत्तामा उक्लेपछि आफैंहरूलाई भ्रष्टाचारको माध्यमबाट नवधनाढ्य बनाएपछि कारवाहीमा परिएला भन्ने डरले उनीहरूलाई गाँजेको छ ।**

भनिन्छ प्रजातन्त्र भनेको जनताले जनताका लागि जनताद्वारा गरिने तन्त्र हो । नेपालमा कुनै बेला राणाले राणाका लागि राणाद्वारा शासित तन्त्र चलाए । त्यसपछि राजाको नेतृत्वमा पञ्चहरुले पञ्चका लागि पञ्चद्वारा शासित तन्त्र ३० वर्षसम्म चलाए । त्यसपछि २०४७ मा आएर दलहरुले दलका लागि दलद्वारा शासित व्यवस्था चलाए ।

२०६३ को गणतन्त्रपछि गणतन्त्रवादीहरुले गणतन्त्रका लागि गणतन्त्रद्वारा शासित व्यवस्था चलाइरहेका छन् । यहाँ जनताले जनताका लागि जनताद्वारा भन्ने मन्त्र राम्ररी चुकेकै कारण नेताहरु नवधनाढ्यमा परिणत हुँदैछन् अनि जनताका लागि जुन जोगी आए पनि कानै चिरेको भएको छ । खाने खुवाउने नाममा बीपीको नाम मात्रका समाजवादी चेलाहरुले उदारवादलाई अँगाल्दै देशका उद्योगहरुलाई कौडीमा बेचेर खाए । अर्कोतर्फ सर्वहारावर्गको नेतृत्व भन्नेहरु वर्गसफाया र जनयुद्ध भन्दै नेपाली नागरिकहरुको आम कत्तल गर्दै उनीहरुको लासलाई भऱ्याङ बनाएर सत्तामा उक्लेपछि आफैंहरुलाई भ्रष्टाचारको माध्यमबाट नवधनाढ्य बनाएपछि कारवाहीमा परिएला भन्ने डरले उनीहरुलाई गाँजेको छ ।

प्रजातन्त्रको शक्ति पृथकीकरणको सिद्धान्तलाई ठाडो चुनौती दिँदै उनीहरु न्यायपालिका र व्यवस्थापिकालाई कार्यपालिकाको नोकर बनाउने कसरत गर्दैछन् जस्को परिणति होला महाअभियोगको कसरत एकपछि हर्को गर्दै नेपालको प्रजातन्त्रमा सुरु भएको छ ।

सरकारी विद्यालयका शिक्षक र विद्यार्थी हुँदै मजदुर, निजामति कर्मचारी, पेसागत व्यावसायिक समूहहरुलाई आफ्नो दलको झोले बनाएर नपुगी अदालत, प्रहरी अनि सेनालाई समेत आफ्नो झोला बोकाउने कसरत गर्दैछन् गणतन्त्रवादी भन्ने राष्ट्रद्रोहीहरु । यसैले होला सार्वभौमसत्ताका मालिक नेपाली जनताहरु पनि कांग्रेस, कम्युनिष्ट अनि पञ्चमा विभाजित हुन पुग्दा देशको गणतन्त्र मिलिजुली भगतको सिण्डिकेट बन्न पुगेको छ ।

मातृका र बीपीबाट सुरु भएको कोसी गण्डकीको राष्ट्रघात एमाले संलग्न महाकालीको राष्ट्रघात हुँदै ६३ लाख भारतीयहरुलाई नेपाली नागरिकता प्रदान गर्दै दिनदहाडै वैधानिक प्रक्रियाबाटै नेपाललाई सिक्किम बनाउने महाअभियानमा जुटेको छ ।

यता संसदमा संविधान संसोधनको प्रक्रिया सुरु भएको छ । अर्कोतिर भारतीय दुतावासमा दुई ट्रक सय रुपैयाँ नोटका भारुहरु छिरेका छन् अनि त्यो पैसा नेपालमा रहेका आफ्ना दलाल दलहरुलाई बाँडी संविधान संसोधन फत्ते गराउन द्वारिका होटलमा आएर डेरा जमाएको छ श्यामशरणले ।

एकै पटक गर्ने भनिएको स्थानीय निर्वाचन उसैको निर्देशनमा दुईपटक गरी गर्ने तय भए तापनि वैशाख ३१ गते आउनुअगावै चीनबाट ल्याइएका मतपेटिकाहरुमा भोट नखस्ने प्रायः निश्चित भएको छ । चार चार करोडमा सांसदहरुको किनबेच सुरु भएको परिप्रेक्ष्यमा नेपाली गणतन्त्र अन्त्यमा गएर भारतले भारतका लागि भारतद्वारा थोपरेको व्यवस्था सिद्ध हुन जाँदै छ । के यही हो त हाम्रो प्रजातन्त्र ?

# लाभकर दिने लिने गर्नैपर्छ



**जगदीश लामिछाने**
रौतहट, पौराई

केही पहिले सिक्किम भ्रमण गरेर आउने एकजना नेपालीले उनीहरुको आर्थिक पाटो खुवै सीपयुक्त प्रविधिले देखाउनुभयो । उनीहरुको पराधीनताको तीतो अनुभव छताछुल्ल चुहियो पनि । पराधीनताले सपनामा पनि सुख दिँदैन भनिएको नै छ ।

विदेशीहरु नेपालमा काम गर्न आउँदा सीप भए पनि नभए पनि धाक लगाउँछन् । नेपालीहरु हुस्सु भएरै विदेशमा दुःख पाएका हुन् । यस्तै दुःख खपी छिमेकी देशमा लाहुरे बहादुर तथा गोरखाली भएर काम गर्दागर्दै इन्डोनेसिया आदिमा पनि उतै घरजम गरेर बस्नेहरु झलझली आफ्नै देश नेपाल सम्झने नै भए । विशेष गरेर भारतीय नेपाली शिक्षा क्षेत्रमा त्यो पनि बोर्डिङहरुमा अहिले पनि बाक्लै देखिन्छन् । ती सबै काम खोज्न आउनेहरु विदेशी सहर नै छन् । यता हाम्रा बम्ब्यालोहरु हिउँदभर काम खोज्न गए पनि धानको बिउ राख्ने दिन नेपालमै फर्कनेहरु छँदैछन् । समयले यी दुवैको लगत राख्नु नै अत्यावश्यकै भएको छ । तरकारी तथा फलफूल बेच्नेदेखि डकर्मी सिकर्मीहरुको भारतीय चापमा मौन बस्ने हाम्रा शासक प्रधानमन्त्री र मन्त्रीहरु नै यो देशमा विदेशी हस्तक्षेप आह्वानकर्ता हुन् । यस्ताको लगत राख्न कुनै कानुन नियम बाधक छैन ।

यसैगरी हाम्रा सिमानामा गोविन्द गौतमहरु मरिइरहने र सप्तरी तिलाठीमा नेपालीहरु मारिने पीडित हुने क्रम राखिराख्छन् भने मन्त्री र कर्मचारीलाई तलबभत्ता खुवाएर राख्नु नै बेकार छ । हामीले भोलि होइन आजैदेखि छिमेकबाट नेपालीले गरेको आम्दानीमा लाभकर लिने मात्र होइन नेपालमा काम गर्ने भारतीयको लाभकर दिने नै यो देशको सच्चा नेपाली हो । नलिने दोधारे नै हो । यसको लागि नगद बोकी विदेश भारत जान र भारतबाट नगद बोकी अथवा हुण्डीबाट कारोबार गर्न रोक्नैपर्छ । अत्यावश्यक दैनिक खर्च मात्र साथमा राखी दुवै देशले आआफ्ना नागरिकबाट लाभकर लिन पाउनु नै अहिले मुख्य कर्तव्य हो । विशाल जनसंख्या भएको भारतलाई बेकाइदाको सुविधा दिइरहँदा उत्तरी छिमेकी पनि चनाखो हुने नै छ र एकदिन नेपाल नै रहँदैन भन्ने बिर्सनु हुँदैन ।

भारतबाट नेपालमा अवैध व्यापार र तरकारी फलफूल बेच्ने तथा सिपालु प्रविधिका काम गर्नेहरुले भारत सरकारलाई लाभकर दिनुपर्छ भन्दा भारत रिसाउनुपर्ने कुनै कारण पनि छैन । रिसाउने छैन । नेपालले पनि थोरै सानु रकम छ भन्दैमा आफ्ना जनताको लाभकर लिने व्यावहारिक लगत नराखदा र हुण्डी र साथमा पैसा ल्याउने सुविधा दिँदा विदेशी नेपालमा आयात भएका हुन् । अहिले लाभकर भारतबाट घटी पाइयो भनी नलिनु आत्मघाती काम भएको छ । यो काम स्थानीय उद्योग वाणिज्य संघले पनि गराउन सक्ने रहेछ भनी हालै नेपालगन्जमा भारतीयहरुको लगत भारतीय राजदूताबासमार्फत लिँइदा प्रस्ट नै भयो । अन्यत्र पनि यसै गरौं ।

मानवलाई सपनामा पनि पराधीनता सुखदायी छैन भन्ने त हामीलाई थाहै छ भने साना साना आफ्ना स्वार्थमा पराधीनताको आह्वान गर्ने हाम्रै सत्तासीन नेपालीहरु नै हुन् । हामीले टाउको थाप्यौं भने हीन भावना भएको छिमेकी देश र व्यक्तिले खुट्टा तेर्स्याउने नै भयो । दोषी त मलाई टेक भन्ने हो कि होइन ? यस्तै काम गर्नेहरुलाई देश बिगारा अथवा देशद्रोही भन्नैपर्छ । अब रह्यो देशमा विदेशी धेरै समय बसे भने अंगीकृत माग्छन् भन्ने त्यो त पुस्तौंपुस्ताका मान्छेहरु पनि आफ्नो राष्ट्रिय स्वार्थका लागि विदेशले लखेटेकै छन् । हामीले विदेशी किन पाली राख्ने धेरै वर्ष यसरी विदेशी पाली राख्ने पनि देशद्रोही नै हुन् । जसरी कुरा गरे पनि भारतसहित कुनै पनि देशलाई लाभकर दिन कन्जुस्याइँ गर्नु हुँदैन । हामीले पनि लिनैपर्छ जतिसुकै गाह्रो भए पनि यस्तो सम्पूर्ण लागत बनाउनैपर्छ ।

कोदारी राजमार्ग बनाउन चीनले धेरै गम खायो । श्री ५ महेन्द्रले आफ्नो देशतर्फ आफैं बनाउँछु भनेपछि उसैले बनाई दियो । खम्पा समस्याको लहरो भारत भएर युरोप अमेरिकामा पुगेको हुँदा श्री ५ महेन्द्रका दुई पुस्ता लाग्यो । यहाँ महेन्द्रको नेतृत्वको जस्तो कुन नेतामा छ ? श्री ३ जंगबहादुरकै पालासम्म पनि सुगौली सन्धिमा राजाको प्रमाणित नहुँदा काँचै थियो त्यही । पेचकिलो फेला पारेर चन्द्रशमशेरले बेलायतमा राजदूताबास खोले । नेपालका नेताहरुले नागरिकता दिँदै गए यस्तो आफ्नै हितमा काम गर्न नसक्ने मन्त्री र प्रधानमन्त्री नेता नै होइनन् । आफ्ना विदेश भारतमा बस्ने नेपालीसँग थोरै भए पनि लाभकर लिने मात्र नेपाली नेता हुन्छ । यसपछि भारतीयले नेपालमा उठाएको नगदको लाभकर स्वतः लिँदै जानेछ । यत्ति पनि गर्न नसक्ने हाम्रा नेता भन्नु कसरी ?

**अबको क्रान्ति : पर्यावरणीय** — **सुदर्शन प्रधान**

# भावी सहर र गाउँबस्तीको स्वरुप कस्तो होला ?–३

अब एउटा प्रश्न उठ्न सक्छ– त्यहाँका बाघ, भालु, चितुवा, हुँडार, ब्वाँसोजस्ता हिंस्रक प्राणीले मानवबस्तीमाथि आक्रमण गरेर तहसनहस त पार्दैन ? तर त्यस्तो हुने छैन किनकि ती मांसहारी प्राणीहरुलाई आफ्नो आहारा जङ्गलकै साकाहारी प्राणीहरुले परिपूर्ति गर्नेछन् । किनकि प्रकृतिप्रेमी मानवजातिले ती साकाहारी प्राणीको पूर्ण संरक्षण गर्नेछन् । कुनैकुनै घाइते, रोगी र बूढा, कमजोर भएपछि ती हिंस्रक प्राणीले मानव र घरेलु चौपायामाथि आक्रमण गर्न सक्छन् । त्यस बेला उच्च धरतीप्रेमी र प्रविधियुक्त त्यो पुस्ताले सही नीति अपनाउनेछ– आफू बाँच्न र समाजलाई बचाउन । हुन सक्छ, त्यस्ता प्राणीलाई चिडियाखानामा राखिनुपर्छ ।

मूल कुरा उपभोग्य सम्पूर्ण वस्तुहरुको ढुवानीका लागि इन्धन कमभन्दा कम प्रयोग हुनेछ । मानवीय सम्पूर्ण संस्कृति, परम्पराहरु पर्यावरणमैत्री हुनेछन् । तीन सय वर्षयता विश्व मानवसमाज र सभ्यताले यो धरतीलाई जेजति दुःख, पीडा, यातना र बेवास्ता गरे, अबको सन्ततिले त्यसलाई पूर्ण रुपले क्षमा याचना गर्दै आफूलाई फेर्नुपर्छ र मलमपट्टी लगाउने मार्गमा दृढतापूर्वक लाग्नुपर्छ 'महान् प्रकृति ! अद्वितीय धरती ! विशिष्ट यो पृथ्वी !' भन्दै ।

युरोप, अमेरिका, रुस, जापान, चीन, भारत, अस्ट्रेलिया आदि मुलुकमा पाँच लाखदेखि एक करोडभन्दा बढी जनसङ्ख्या भएका सहरहरु पनि बनिरहेछन् । त्यहाँ हावा र पानीबाहेक अरु सम्पूर्ण कुरामा वाह्यनिर्भर हुन्छन् । कतिसम्म भने नाफाका लागि गाडी, प्याकिङ, खाना, कपडा, काठपात, धातु, टिभीदेखि थुप्रै मालसामानहरु हजारौं कि.मि. टाढादेखि लाने र ल्याउने पनि गरिन्छ । त्यसमध्ये कैयौं सहरहरु इन्धनका लागि आणविक भट्टी बनाएर त्यसबाट आपूर्ति गर्छन् । आणविक विकिरणको प्रदूषण भयानक समस्या हो, जसले सम्पूर्ण जैविक विविधता नष्ट गर्छ । खाद्यान्न पकाउन, पङ्खा घुमाउन, फ्रिज, एअर कुलर चलाउन आणविक शक्ति प्रयोग गर्नु भनेको धरतीमाथिको घात हो । वास्तवमा १००-२०० वर्षअगि त्यस्तो सहरको जनजीवन कसरी चलेको थियो ? त्यसतर्फ पनि फर्कनुपर्छ । किनभने त्यस समयका सहर पर्यावरणमैत्री थिए ।

व्यवस्थापन हुन नसके त्यस्ता सहरहरु अन्यत्र स्थानान्तरण गर्नुपर्छ । पृथ्वीका कुनै पनि मानवसमुदाय पृथ्वीको कुनै पनि ठाउँमा जान र बस्न पाउने वातावरण बनाउनुपर्छ । मानवजीवनको दैनिकी वातावरणमैत्री बन्नुपर्छ । एअर कुलर, फ्रिजहरु अस्पतालहरुमा बिरामीका लागि मात्र प्रयोग गर्नुपर्छ । बलियाबाङ्गाहरुको दैनिक जीवन प्रकृतिमैत्री हुनुपर्छ ।

खानेकुरा सकभर काँचै खाने खालका उत्पादन गर्नुपर्छ; चामल, पिठो, दालहरु मात्र पकाउने गरी सौर्यऊर्जा प्रयोग गर्ने बानी बसाल्नुपर्छ । यहाँ कोपी, गोलभेडा, मुला, गाजरहरु पनि पकाउने चलन छ । यो राम्रो होइन । कपडा भनेको थोरैभन्दा थोरै प्रयोग गर्ने हो । त्यसरी नै फर्निचर, औषधि, किताब, पत्रपत्रिकालगायत सम्पूर्ण उपभोग्य वस्तुहरु न्यून र अत्यावश्यक मात्र प्रयोग गर्ने परम्परा बसाल्नुपर्छ । वायुऊर्जा, सौर्यऊर्जा, बायोग्याँस अत्यधिक प्रयोग गर्नुपर्छ । वनजङ्गल र जैविक विविधताको अवस्थालाई मध्यनजर गर्दै जलविद्युत्लाई पनि सम्भव भएसम्म प्रयोग गर्नुपर्छ तर धरतीको गर्भका पेट्रोलियम, कोइलाहरु सकभर बचाउनुपर्छ । आणविक ऊर्जा भनेको अन्तरिक्ष यान र अन्तरिक्षबाट पृथ्वीमा ठोक्किन आउने उल्कापातहरुलाई क्षेप्यास्त्रद्वारा आकाशमै नष्ट गर्न मात्र प्रयोग गर्नुपर्छ ।

माथिको नीतिले आणविक ऊर्जामा निर्भर प्रायः सबै विकसित सहरका मानवहरुको ठूलो सङ्ख्या बाहिर बसाइँ सर्नुपर्ने हुन्छ; हुन सक्छ एउटा महादेशबाट अर्को महादेशमा पनि । स्वच्छ, सुन्दर, प्रचुर प्राकृतिक स्रोतहरु भएका भूभागहरुमा जान, बस्न पाउनु आफैंमा गौरव हो । मानवपुर्खा इतिहासमा खाना र वासस्थानका लागि भाला, तिर, घुएँत्रो र घन बोकी अर्को बस्तीका आफूजस्तै मानवलाई दानव ठान्दै आक्रमण गरी ध्वस्त पारेर गाउँबस्तीहरु कब्जा गर्थे र अड्डा, किल्ला जमाई बस्थे, जुन गलत थियो । निकट भविष्यमा यो धरतीको सुरक्षा र मानवअस्तित्व बचाउन सिङ्गो सहरबजार तथा गाउँहरु अर्को उपयुक्त ठाउँहरुमा वाहन तथा जहाजबाट महान् पृथ्वीको झन्डा फहराउँदै शान्ति र मैत्रीपूर्ण रुपले स्थानान्तरण गर्नेछन्, जुन बेला भव्य स्वागत पनि हुनेछ ।

पृथ्वीको सुरक्षा गर्न बसाइँ सर्ने र एउटा सहरको सिङ्गो आबादी अर्को देशको भूभागमा सर्नुपर्ने सवालमा विशेषज्ञहरुले राम्ररी निर्धारण गर्नेछन् । त्यस बेला केही अन्धधार्मिक राष्ट्रवादीहरु विरोधमा उत्रन सक्छन्– हामी हाम्रै भूमिमा मर्छौं, अन्त जाँदैनौं भनेर तर प्रकृति, पृथ्वी, वातावरणको संरक्षण र संवर्द्धन अनि हजारौं पुस्तापछिसम्मका सन्ततिका लागि यो धरतीको सुरक्षा गर्ने सवालभन्दा अर्को कुनै पनि कुरा प्राथमिकतामा पर्न सक्तैन । सबै प्रकारका साम्प्रदायिक अस्तित्व र संस्कृतिहरु सङ्ग्रहालयमा रहनेछन् । सन्ततिहरुले ती पढ्नेछन्, हेर्नेछन् र अनुकूल समय र अवस्थामा भ्रमण गरेर अवलोकन गर्नेछन् । अब कृत्रिम विचार र सम्प्रदायका लागि लड्ने र मर्नेहरुलाई भावी सम्पूर्ण पुस्ताहरुले दानव वा राक्षसको रुपमा लिनेछन् तर धरती, प्रकृति, पृथ्वी; यसको जलमण्डल, भूमण्डल, वायुमण्डल र जीवमण्डलको सुरक्षाका लागि लड्ने र सहिद बन्नेहरुलाई महान् र महामानव भनी पुज्नेछन् ।

# मैले देखेको पाँचौं विश्व आश्चर्य : आगराको ताजमहल

— सुरेन्द्र ढकाल —




ताजमहलको अगाडिको भाग



ताजमहलको पछाडिको भाग



ताजमहलभित्र शाहजहाँ र मुमताजको चिहान



ताजमहलको अगाडि सुरेन्द्र ढकाल



ताजमहलको भित्री भाग

कुरा सन् २००३ नोभेम्बर महिनाको हो । गलैंचा निकासीकर्ता संघको कार्यकारी सल्लाहकारको रुपमा भारतको राजधानी दिल्लीमा भएको गलैंचा निकासी गर्ने राष्ट्रहरुको विश्व सम्मेलनमा नेपालको प्रतिनिधित्व गर्दै भाग लिने अवसर प्राप्त भएको थियो । नेपालको निजी क्षेत्रको प्रतिनिधित्व मैले गरेको थिएँ भने सरकारको प्रतिनिधित्व गलैंचा तथा ऊन विकास समितिका कार्यकारी निर्देशक गेहेन्द्रबहादुर वज्राचार्यले गर्नुभएको थियो र हामी दुवै सँगसँगै दिल्ली गएका थियौं । मेरो जीवनकालमा पहिलोपटक विजिनेस क्लासमा बसेर उड्न पाएको यो पहिलो अवसर थियो ।

सन् १९९३।९४ ताका वर्षको ३३ लाख वर्गमिटरसम्म निर्यात गर्ने नेपालको गलैंचाको निकासी हरेक साल खस्कँदै गएको अवसरमा हामी सम्मेलनमा भाग लिन जाँदै थियौं । भारतमा बनी इण्डो नेपाल लेवल लगाई युरोपेली बजारमा प्रवेश पाएको नेपाली गलैंचा जस्तै देखिने सस्ता भारतीय गलैंचाको कारण नेपाली गलैंचा युरोपेली बजारमा खस्केको थियो । तसर्थ सम्मेलनमा मैले भारतले आफ्नो गलैंचामा इण्डो नेपालको लेवल किन लगाउँछ ? नेपाल शब्द जोडेर युरोपेली क्रेताहरुलाई किन भ्रममा पारिरहेको छ ? भारतीय गलैंचा निकासीकर्ता यदि इमान्दार छन् भने इण्डो नेपालको लेवल नलगाई इण्डो तिब्बेत भनेर बेच्ने हिम्मत गर्नुपऱ्यो यदि भारत भन्ने देश स्वतन्त्र राष्ट्र हो भने भनेर मैले सम्मेलनमा कुरा उठाएपछि भारतको धर्मशालाबाट आएकी एक तिब्बती महिला पेल्डोनले खुला रुपमा मेरो राम्रै तारिफ गरिन् । सम्मेलनको प्रथम सत्र सकी दिवाभोजको अवसरमा हामी एक अर्कासँग नजिकियौं । त्यहाँबाट नै हाम्रो मित्रताको शुरुवात भयो । सम्मेलनबाट फर्केपछि मैले उनलाई नेपाल बोलाएँ । उनी मेरै घरमा बसिन् । नेपालको १५ दिनको बसाइ अवधिभर उनलाई पोखरा, लुम्बिनी तथा काठमाडौं उपत्यकाको तीनै सहर घुम्ने चाँजो मिलाइदिए । हाम्रो मित्रता झनै कसियो जस्को फलस्वरुप उनले पनि मलाई पुनः दिल्ली आउने अनि त्यहाँका पर्यटकीय स्थलहरु घुमाइदिने निमन्त्रणा दिइन् । सम्मेलनमा जाँदा मलाई दिल्ली घुम्ने अवसर प्राप्त भएको थिएन तसर्थ २००४ को मार्च महिनामा उनको निम्तोमा म पुनः दिल्ली पुगेँ । त्यस अवसरमा उनले मलाई लालकिल्ला, कनोट प्लाजा चाँदनी चोकलगायत दिल्लीका पर्यटकीय स्थलको अतिरिक्त आगरामा रहेको ताजमहल पनि घुमाइन् । यो मेरो विश्व आश्चर्यसँगको पाँचौं जम्काभेट थियो र यसप्रकार विश्व आश्चर्य एकपछि अर्को गर्दै हेर्न पाउँदा म आफूलाई निकै भाग्यशाली ठान्दै गएँ ।

**ताजमहल**

ताजमहल आगराको यमुना नदीको दक्षिणी किनारमा अवस्थित सेतो सिंहमरमरले बनेको चिहानसहितको दरबार हो । मुगल सम्राट शाह जहाँले सन् १६३२ मा यो महल निर्माण गर्ने आदेश जारी गरेका थिए । आफ्नी प्यारी रानी मुमताजको चिहान राख्न भनेर यो बनाइएको थियो । १७ हेक्टर जमिनमा बनेको यस क्षेत्रमा मस्जिद, पाहुना घर र बगैंचाहरु रहेका छन् । औपचारिक निर्माण सन् १६५३ मा सकिएको भए तापनि अर्को १० वर्षसम्म यसका बाँकी कामहरु सम्पन्न गर्न लागेको थियो । तत्कालिन समयमा ३ करोड २० लाख रुपैयाँ लागेको यो महल निर्माण आजको मूल्यमा लेखाजोखा गर्ने हो भने ५२ अरब ८० करोड पर्न आउँछ । यस महलको निर्माणक्रममा सम्राटका मुख्य कालिगढ उस्ताद अहमदको नेतृत्वमा २० हजार कालिगढहरुले काम गरेका थिए । विश्वका ७ आश्चर्यमध्ये एक मानिने यस महललाई सन् १९८३ देखि यूनेस्कोले विश्व सम्पदा सूचीमा राखेको छ । यस्लाई मुसलमान कलाको जवाहरत पनि मानिन्छ । यसैकारण हरेक वर्ष ७० देखि ८० लाख विश्वका पर्यटकहरु ताजमहल हेर्न आगरा आउने गर्दछन् । ताजमहल बनाउने प्रेरणा सम्राट शाहजहाँलाई आफ्नी दिवंगत अतिप्रिय रानी मुमताजको यादलाई चीरस्थायी बनाउने आकांक्षाबाट भएको थियो । पर्सियन र मुगल वास्तुकलाको अनुपम मिश्रणबाट यस महलको डिजाइन गरिएको थियो । यद्यपि यस महलको डिजाइनलाई हुमायु, इत्रमाद उद्यौला र शाहजहाँकै जामे मस्जिद जस्ता भवनहरुको निरन्तरता र विकशित रुप मानिन्छ । बढी भनेको यसको आकार, यसले ओगटेको क्षेत्रफल र यस महलमा जडिएका बहुमुल्य पत्थरहरु नै हुन् । ताजमहलभित्रको मुख्य आकर्षण भनेको यसको भित्री केन्द्रविन्दुमा रहेको शाहजहाँ र मुमताजको चिहान नै हो । सेतो सिंगमरमरको चारकुने चौकीमा चिहानहरु सँगसँगै राखिएका छन् । चारैतिर घनुषाकारको ढोकाबाट प्रवेश गरेपछि चिहान रहेको महलको भित्री भागमा पुगिन्छ । भित्र पुगी चिहानको माथितर्फ गुम्बज शैलीको सिलिङ रहेको छ । चिहान राखेको स्थलबाटै आठवटै कुना ५५ मिटरको बराबरीको दूरीमा रहेको छ । गुम्बजको बाहिरी भाग ३५ मिटर उचाइको अम्बाको आकारमा बनाइए तापनि यो कमलको फूलको आकार जस्तो देखिन्छ । भित्ताहरुमा हस्तलिखित कुरानका श्लोकहरु देखिन्छन् । श्लोकहरु सन् १६०९ तिर सिद्धहस्त हस्तलेखक अब्दुल हकले लेखेका थिए । भित्री भागका भित्ता र भुइँमा कुँदिएका र रंगभरिएका कलाहरु उत्ति नै मनमोहक देखिन्छन् । मुसलमान संस्कृतिअनुरुप चिहान रहेको स्थल ज्यादै सादा हुने गर्दछ, झकिझकाउ हुँदैनन् । कलाकारिताको सादा तर अति सुन्दर प्रस्तुति नै ताजमहलको विशेषता हो । बहुमुल्य ढुंगाहरुको प्रयोग यति सादा तर मनमोहक किसिमबाट हुन सक्छ भन्ने उदाहरण ताजमहलको वास्तुकलाले संसारसमक्ष प्रस्तुत गरेको छ ।

ताजमहलको वरिपरि चारवाग नाम गरिएको बगैंचा रहेको छ । बगैंचा हुँदै ताजमहलसम्म पुग्ने बाटोको बीचमा उत्तर-दक्षिण अवस्थित सिंगमरमरको पोखरी रहेको छ जस्लाई ह्वाद अल कावथर भनिन्छ । रुख र पानीका फोहराबाट बगैंचा सजाउने संस्कृति भारतमा पहिलो मुगल सम्राट बाबरले ल्याएको मानिन्छ । साधारणतया मुसलमानी चिहानहरु चारैतिर फोहोरा र रुख भएको बीचमा हुने भए तापनि ताजमहलमा भने बगैंचाको अन्तमा ताजमहल ठडिएको छ। मुगल शासनको अन्त्यसँगै भारत बेलायतीहरुको उपनिवेश बनेपछि उनीहरुले नै ताजमहलको ब्यवस्थापन गरे र बगैंचाको डिजाइनलाई बेलायती ढाँचाअनुसार सुधार गर्दै लगे । ताजमहललाई तीनतिरबाट रातो बालुवाको बज्रले बनेको पर्खालले घेरिएको छ भने यमुना नदीतर्फ फर्केको महलको भाग खुला छ । तीनतिरका पर्खालमा जोडिएका अन्य मस्जिदहरुमा शाहजहाँका अन्य पटरानीहरुको चिहान रहेको छ । ताजमहलको मुख्य द्वार दरबाजा सिंहमर मरले मुसलमानी डिजाइनमा बनाइएको छ । ताजमहल बनाउनका लागि चाहिने आवश्यक निर्माण सामग्रीहरु पूरै भारत र एसियाका अन्य देशहरुबाट ल्याइएको थियो । जस्को लागि एक हजार हात्तीहरुको प्रयोग गरिएको थियो । त्यहाँ प्रयोग भएका सिंहमरमर भने राजस्थान, पंजाव र चीनबाट लगिएका थिए । अठ्ठाइस थरिका बहुमूल्य पत्थरहरु भने तिब्बत, अफगानिस्तान श्रीलंका र अरेबियन मुलुकहरुबाट लगिएको थियो । ताजमहलको निर्माण सम्पन्न भएको केही समयपश्चात् नै छोरा औरंगजेवले सम्राट शाहजहाँलाई गद्दीच्यूत गरी कैद गरेका थिए र मृत्युपश्चात् उनको शवलाई ताजमहलमा मुमताजकै चिहानसँगै लगेर राखियो ।

अठारौं शताब्दीमा भरतपुरका शासकहरुले आगरामाथि हमला गर्दा उनीहरुको निशानामा ताजमहल परेको थियो । उनीहरुले ताजमहलमा रहेका बहुमूल्य धातुका वस्तुहरु लुटेर लगेका थिए । १९ औं शताब्दीको अन्त्यमा ताजमहल ओझेलमा परी जीर्ण बन्न पुगेको थियो । यसमा भएका बहुमूल्य पत्थरहरु अंग्रेजहरुले उक्काइ चोरेर लग्ने गर्दथे । सन् १९०८ मा लर्ड कर्जन बेलायती भाइसराय भएर आएपछि ताजमहलको जिर्णोदार गरिएको थियो । अहिले ताजमहल वायु प्रदूषणबाट पीडित छ र यस्को सेतो रंग पहेंलो हुन थालेपछि ताजमहल वरिपरिको १०४०० वर्गमिटर क्षेत्रमा धूवाँ धूलो नियन्त्रण गरिएको छ ।


**रातो पुल मैतीदेवीस्थित १५ आना १ पैसा क्षेत्रफलमा रहेको २ तले घरसहितको जग्गा बिक्रीमा ।**

सम्पर्क : ९८५१०२३६७०

**दलालले कष्ट नगरिदिनु होला**


## देपसा गान

शब्द : टि.प्रसाई
स्वर : दुर्गा राना

टिस्टाको पानी साक्षी छ अझै सलल बगेको
काँगडा, किल्ला ढलेको छैन वीरले रचेको ।
अमर, भक्ति, बलभद्र जस्ता वीरका सन्तान
पृथ्वी जस्ता एकताप्रेमी सृष्टिका मुहान ॥

नठान आफैं कमजोर तिमी गोर्खाली वीर हौ
काम त धेरै गर्नु छ तिम्ले हिमालका शिर हौ ।
लड्नु छ अझै धर्तिका लागि जिउ, ज्यान त्यागेर
पाइन्न नत्र एकमुठी माटो भिक्षामा मागेर ॥

मिचिए हाम्रा सिमाना धेरै नेपाल खुम्चियो
सुगौली सन्धिमा जालझेल गरी देश यो लुटियो ।
विशाल नेपाल लुटेको हाम्रो नफर्काइ हुँदैन
सुतेर बसे बैरीले त्यसै लैजाऊ भन्दैन ॥

मेची र काली खुम्चेको देश झन् सानो हुँदैछ
ती जंगेपिलर सारेर बैरी हामीलाई मिच्दैछ ।
कालापानी खायो, सुस्ता खायो नपुगी त्यतिले
इलाममा खायो बहुमूल्य भूमि दक्षिणको जालीले ॥

मधेसमा हाम्रो खुम्च्यायो भूमि लुम्बिनी ताक्दै छ
नक्कली मन्दिर बनाई उता सक्कली भन्दै छ ।
जलस्रोत हाम्रो पिइसक्यो सबै सुख्खा छ तराई
चुरेका ढुंगा ओसारिसक्यो उजाड बनाई ॥

अरूको भर नपरौं अब धेरै छन् दलाल
आमालाई बेची कमिसन खाने बेइमानी गद्दार ।
जनतालाई ढाँटी विदेश धाउँछन् पर्नलाई लम्पसार
विदेशी प्रभु निल्नलाई देश बन्दै छ तम्तयार ॥

देपसा मोर्चा आइपुग्यो अब गाउँघर सहरमा
तीन पातको चुनाव चिन्हलाई बोकी जनताको घरघरमा ।
नेपाल आमा, पृथ्वी आमा, गरिब आमालाई
विकसित पार्ने नीति छ हाम्रो देश र जनतालाई ॥

उठ न दाजु, भाइ र बैनी, आमा र दिदी हो
नसुत अब जोगाउन देश सुतेर हुन्न हो ।
मोर्चा यो हाम्रो बलियो पारौं रोजेर तीन पात
विश्वका सबै नेपालीबीच फैलाऊँ सद्भाव ॥

*(देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चाद्वारा सार्वजनिक समारोहहरुमा गाइँदै आएको देशभक्तिपूर्ण गान)*


**Remember us for the Construction of Private and Public Works**

EWES **East West Engineering Service Pvt. Ltd.**
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www.ewesnepal.com ä®:
E-mail: info@ewesnepal.com , hbgewe@gmail.com

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
**Upto 15KVA**
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

**दाँते सोसाइटी नेपाल**
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

**देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

महिला हस्ताक्षर

■ अमृता अनमोल

# बलात्कार : पीडित नै विस्थापित

**विभेदकारी सामाजिक संरचना, महिलाका लागि असहयोगी न्याय प्रणाली, अन्य अपराध र बलात्कारलाई समान तहको कसुर ठान्ने प्रहरी मानसिकताजस्ता कारणले अहिले पनि बलात्कारपीडित महिलाले न्याय पाउँदैनन् । परिणाम पीडक होइन पीडितले गाउँघरबाट विस्थापित हुनुपर्छ ।**

बुटवल । दुई वर्षअघि सिद्धार्थनगरकी एक बालिका आफ्नै बाबुबाट बलात्कारमा परिन् । बलात्कारमा परेकी १२ वर्षे छोरीको पक्षमा आमाले न्याय खोजिन् । आमाकै उजुरीमा बाबु अहिले जेल सजाय भोग्दै छन् । बालिकाले कानुनी न्याय पाइन् । तर, पारिवारिक रूपमा भने झन् ठूलो अन्याय भोग्नुपर्‍यो । आफ्नै बाबुलाई फसाएको भन्दै घरपरिवारका अरू सदस्य र आफन्तले बालिकालाई धम्क्याए । सबै आफन्त मिलेर घरपरिवारबाटै बहिष्कार गरे । आफू नै विस्थापित हुने अवस्था आएपछि न्यायका लागि साथ दिएकी आमाले पनि छोरीको साथ छोडिन् । सट्टामा विद्यालय पढ्दै गरेकी किशोरीलाई पढ्न छुटाइन् र घरेलु श्रमिकको रूपमा नेपालगञ्ज पठाइन् । जहाँ उनी ६ जनाको चुलोचौको गरेर बसेकी छिन् । आमा गोमा भन्छिन्, 'छोरीमाथि ठूलो अन्याय भएको छ । तर, न्यायका लागि घरभित्रै लड्न सकिनँ ।'

तीन वर्षअघि बलात्कारमा परेर गर्भवती बनेकी सालझण्डीकी किशोरी पनि घरपरिवारबाट विस्थापित छिन् । उनी अहिले राजधानीमा घरेलु श्रमिकको काम गरेर गुजारा चलाइरहेकी छिन् । उनी १४ वर्षे किशोरी साथीका बाबुबाट बलात्कारमा परेकी थिइन् । बलात्कारको पोल खुलेपछि आरोपित पक्राउ परे । आरोपितको परिवार र नातेदार भने किशोरीमाथि जाइलागे । किशोरीलाई गाउँनिकाला नगरे उनको परिवारलाई नै बहिष्कार गर्ने धम्की दिए । धम्की खप्न नसकेपछि घरपरिवारले तत्काल किशोरीलाई ओरेकको बुटवल कार्यालयमा जिम्मा लगायो । करिब पाँच महिना पुनर्स्थापना गृहमा बसेपछि उनी गाउँ फर्किन् । किशोरीलाई गाउँलेले स्वीकार गरेनन् । आफन्तले समेतले तिरस्कार गर्न थाले । गाउँमा बस्नै नसक्ने अवस्था भएपछि अभिभावकले घरेलु श्रमिकको रूपमा राजधानी पठाएका हुन् । ती किशोरी भन्छिन्, 'ममीहरूसित कुरा त हुन्छ । तर अझै गाउँ गएकी छैन । डर लाग्छ ।'

४ वर्षअघि छिमेकीबाट बलात्कारमा परेर गर्भवती बनेकी थिइन् मोतीपुरकी एक किशोरी । आरोपित अहिले जेलमा छन् । पीडित किशोरी घरपरिवारमा स्थापित भने हुन सकिनन् । लुम्बिनीमा होटेल मजदुरको काम गरेर गुजारा चलाइरहेकी छिन् । आफन्तका अनुसार किशोरी गाउँलेबाट तिरस्कृत भएपछि सुरुका ६ महिना बुटवलमा रहेको पुनर्स्थापना गृहमा बसिन् । यसैबेला अधिकारकर्मीको पहलमा उनको ७ महिनाको गर्भ काठमाडौंमा जटिल प्रक्रियाबाट फालियो । यसपछि पढ्ने मनसायका साथ उनी घर फर्किन् । किशोरी घर फर्केपछि बलात्कार आरोपीका परिवार र छिमेकले उनी र उनका परिवारमाथि ज्यान लिने धम्की दिए । डराएर उनको परिवार झन्डै एक वर्ष बुटवलको सुकुम्बासी टोलमा आएर बस्यो । विधवा आमाले होटेलमा मजदुरी गरेर दुई भाइ र उनलाई पढाउँदै थिइन् । तिनै आमा पनि बिरामी परेपछि दुःखका दिन सुरु भए । घर जाने अवस्था नभएपछि एक वर्षयता किशोरीले होटेल मजदुरीको काम गरिरहेकी छिन् ।



बलात्कारपछि विस्थापित हुनेमा महिलाभन्दा बालिका बढी छन् । अधिकारकर्मी नम्रता पोखरेल लोभ र डरका कारण बालिका बलात्कारमा पर्ने, तर तत्काल बताउन नसक्ने भएकाले पनि यस्तो भएको बताउँछिन् । 'पितृसत्तात्मक सोचका कारण समाजमा पुरुषलाई जे गरे पनि छुट हुन्छ,' उनले भनिन्, 'यौनमा पनि पुरुषको पुरुषार्थ र महिलाको कमजोरी वा चरित्रसँग जोडेर हेरिन्छ । महिलालाई नै दोष लगाउने प्रचलनले पनि पीडित विस्थापित हुनुपरेको हो ।'

अदालतको लम्बेतान प्रक्रियाका कारण पनि कतिपय पीडक उम्केका छन् । अनुसन्धानमा खट्ने प्रहरीका अनुसार बलात्कारका घटनामा धेरैजसो आफन्त पीडक हुने भएकाले पनि न्याय र सुरक्षामा आफन्त नै विपक्षमा उभिने गरेका छन् । आफन्तले नै प्रमाण लुकाइदिँदा पीडकहरू सजिलै उम्किएका छन् । यसले गर्दा बलात्कारमा परेका धेरैको न्याय प्रक्रिया प्रभावित हुने र पीडित विस्थापित हुने गरेका छन् । 'पीडितलाई 'होस्टायल' गर्ने, पीडित र साक्षीले बयान फेर्ने, प्रमाण फेर्ने कारणले पनि बलात्कारका घटनामा सहज न्याय पाएका छैनन् ।' रुपन्देही प्रहरीका प्रहरी नायव उपरीक्षक बेलबहादुर पाण्डे भन्छन्, 'यसले प्रहरीमाथि पनि समस्या निम्त्याएको छ ।'

अदालतले फैसला सुनाएका र क्षतिपूर्तिको आदेश गरेका घटनामा समेत बलात्कारपीडित विस्थापित भएका छन् । यसले गर्दा न्याय र राहतको अनुभूति गर्न पाएका छैनन् । त्यसको उदाहरण हुन्- सामूहिक बलात्कारमा परेकी नवलपरासीको सुनवलकी २२ वर्षे युवती । ४ वर्षअघि अर्थात् ०६९ वैशाखमा रूपन्देहीको केरवानीमा उनी बलात्कृत भइन् । युवतीको मुद्दामा रूपन्देही अदालतले सोही असार पहिलो साता फैसला सुनायो । बलात्कारमा संलग्न चारजनालाई १० वर्ष जेल सजाय र युवतीलाई दुई लाख क्षतिपूर्तिसमेत दिलाउने आदेश भयो । पीडकले सजाय भोगे । युवतीले पाउनुपर्ने क्षतिपूर्ति भने अझै पाएकी छैनन् । घटनापछि उनको घरपरिवारसमेत त्यहाँबाट बसाइँ सरेको छ । बलात्कारको उजुरी फिर्ता नलिएकोमा धेरै छिमेकीले मुख बारेपछि घरबार नै बेचेर अर्को गाउँ सरेको छ ।

जिल्ला प्रहरी कार्यालयको तथ्याङ्क हेर्दा रूपन्देहीमा पछिल्ला साढे ५ वर्षमा २ सय ३६ महिला तथा बालिका बलात्कृत भएका छन् । त्यसमा १४ वर्षमुनिका १ सय २१ बालिका छन् । चालू आर्थिक वर्षको ७ महिनामा ४४ वटा बलात्कारका उजुरी दर्ता भएका छन् । त्यसमा २८ जना बलात्कार र १६ वटा बलात्कार प्रयासका हुन् । १६ वर्षमुनिका बालिका १६ जना छन् ।

बलात्कारमा परेका आधाजसो महिला तथा बालिका शारीरिक तथा मानसिक रूपमा विक्षिप्त हुने गरेका छन् । प्रजनन अङ्गको विकास नभएका कारण अधिकांश बालिका शारीरिक समस्यासमेत भोग्न बाध्य छन् । लुम्बिनी अञ्चल अस्पताल बुटवलमा स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. श्रीधर आचार्य प्रजनन अङ्गको विकास नहुँदै सम्पर्क हुँदा उनीहरूमा तत्काल मात्र होइन दीर्घकालसम्म पनि समस्या देखिने बताउँछन् ।

बलात्कारमा परेका महिला तथा बालबालिकालाई स्थापित गर्न के गर्नुपर्ला ? समाजशास्त्रका प्राध्यापक मीनप्रसाद भुसालले कानुनभन्दा बलियो समाज हुने भएकाले सामाजिक अगुवाहरूले नै पीडकलाई विस्थापित र पीडितलाई स्थापित गर्ने काम थाल्नुपर्ने बताए । 'पहिलो चरणमा राज्यतहबाटै सोधीखोजी गरेर पीडितलाई घरपरिवारमा स्थापित गर्न अभियान चलाउनुपर्छ,' उनले भने, 'यसपछि भने सामाजिक अगुवालाई जिम्मा लगाउनुपर्छ ।'

*(संचारिका फिचर सेवा)*

कविता

## रुख रोपौं

● दुर्गा राना

पखाभरि रुख रोपौं
बाटाहरुमा पनि
रंगीचंगी फूलले सजाउँ
दोबाटाहरु अनि ।

रुख रोपौं, फूल रोपौं
घरको आँगनमा
करेसाबारी हरियो पारौं
सागले मीठो खाना ।

गमलाहरुमा फूल फुलाउँ
यो मन बहलाउन
प्रकृतिको सुन्दरतामा डुबेर
थाल्छ मनै मुस्काउन ।

धूपी रोपौं, सल्ला रोपौं
अनि चाँप पनि
जराहरुले माटो समाउँदा
आउनेछैन दैवी आपत्ति ।

घाँस झार्नु हुन्छ रुखको
दाउरा बाल्नु हुन्छ
घर बनाउन हुन्छ काठले
कोठा सजाउन पुग्छ ।

## सिर्जना

रमेशचन्द्र बन्धु भट्टराई

हिजो जे थियो, जे भयो, इतिहासमै रह्यो
भोलिका कुरा, कल्पना हुन् गर्भमै रहने भयो
आउ आज खोजौं अब, के के गर्नुपर्छ,
आफू, आफ्ना सन्ततिलाई के के दिनुपर्छ ।

सानो छँदा आमाको काखमा मलमूत्र त्याग्यौं
कोखाइ कोखाइ भन्दाखेरि, कता कता भाग्यौं
अब हामी ठूला भइसक्यौं, बुझ्ने बेला आयो,
मुलुकले कोल्टे फेर्‍यो, केही सोच्ने बेला आयो ।

कोदो रोपे, कोदै फल्छ, धान रोपे धान,
यस देशमा जे नि हुन्छ, सही सबले जान
अब धेरै ढिलो हुन्छ, सोच्ने बेला आयो,
लौन अब त केही गरौं, ढिलो हुने भयो ।

# प्रेस स्वतन्त्रता दिवसमा प्रभातफेरि




काठमाडौं । नेपाल पत्रकार महासंघले विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा बुधबार प्रभातफेरि गरेको छ । 'संवेदनशील समयका लागि संवेदनशील विचारः शान्तिपूर्ण, समावेशी र न्यायपूर्ण समाजमा मिडियाको भूमिका' नाराका साथ नयाँ बानेश्वरबाट सुरु भएको प्रभातफेरि माइतीघर मण्डलामा आई कोणसभामा परिणत भएको थियो ।

कोणसभालाई सम्बोधन गर्दै महासंघका अध्यक्ष डा महेन्द्र विष्टले अझै पूर्ण प्रेस स्वतन्त्रता प्रत्याभूति गर्न नसकेको बताउनुभयो । उहाँले संविधानमा प्रेस स्वतन्त्रता उल्लेख गरे पनि विभिन्न बहानामा प्रेसमाथि आक्रमण भइरहेको बताउनुभयो । 'दोषीलाई कारबाही नहुनु, पत्रकारमाथि आक्रमण गर्नेमाथि छानबिन नहुने जस्ता प्रेस स्वतन्त्रता उल्लंघनका घटना बढेका छन्- अध्यक्ष बिष्टले भन्नुभयो । विष्टले नेपालमा संवैधानिक दृष्टिले तुलनात्मकरुपमा अहिले प्रेस स्वतन्त्रताको संरक्षण गरिए पनि व्यवहारमा त्यसअनुरुप पत्रकारलाई सुरक्षितरुपमा काम गर्ने वातावरण बन्न नसकेको बताउनुभयो ।

महासचिव उजिर मगरले यस वर्ष ७१ वटा प्रेस स्वतन्त्रता उल्लंघनका घटना भएको जानकारी गराउनुभयो । प्रभातफेरिमा महासंघका पूर्वअध्यक्ष धर्मेन्द्र झा, प्रेस युनियनका अध्यक्ष बद्री सिग्देल, प्रेस चौतारी नेपालका पूर्वअध्यक्ष राजेन्द्र अर्याल, प्रेस सेन्टर नेपालका पूर्वमहासचिव ओम शर्मालगायत विभिन्न सञ्चारमाध्यममा कार्यरत पत्रकारको सहभागिता रहेको थियो ।

# बिपद् जोखिम न्युनिकरणमा बालबालिकाको चासो

**सुवास योञ्जन/दोलखा**

बालबालिकालाई सुरक्षाको प्रत्याभूति दिनका लागि जिल्लामा बालबालिका केन्द्रित विपद् जोखिम न्युनिकरण समूह क्रियाशील हुन थालेको छ । गत पौषको पहिलो साता सम्पन्न स्थानीय तहमा बालभेला सम्पन्न भएपछि बालबालिकाको आवाज र बिचारको कदर गर्दै जिल्लामा यस्तो अवधारणा सुरु भएको हो ।

दोलखा जिल्लाको तत्कालीन बोच गाविसमा सम्पन्न भएको बालभेलामा अधिकांश बालबालिकाले विपद्बाट विद्यालयका संरचनाहरू असुरक्षित भएको प्रसंग उठाएपछि सरोकारवालाहरूको ध्यान यसतर्फ केन्द्रित भएको हो ।

स्थानीय तहको पुनर्संरचना गरिँदा तत्कालीन बोच गाविस भीमेश्वर नगरपालिकामा गाभिएको छ । र तत्कालीन बोच गाविसलाई वडा नम्बर ८ कायम गरिएको छ । त्यस गाविसलाई बालमैत्री बनाउने उद्देश्यका साथ बालबालिकाको आवाजको सुनुवाइको क्रममा यस प्रकारको अभियान थालिएको हो ।

जिल्ला शिक्षा कार्यालयका प्रमुख नारायणकाजी काशीछवाकाअनुसार विपद्को अवस्थामा बालबालिकालाई कसरी सुरक्षित बनाउने प्रश्नको सेरोफेरोमा विद्यालय सुरक्षा अवधारणालाई संस्थागत गरिएको हो । यो अवधारणा कार्यन्वयन गर्न विद्यालय क्षेत्र विकास योजनामा विपद् जोखिम न्यूनिकरण र विद्यालय सुरक्षाका विषयहरू समावेश गरिएको छ । जिल्ला शिक्षा कार्यलय स्रोत केन्द्रका स्रोत व्यक्ति सोमनाथ तिवारीकाअनुसार विद्यालयहरूमा विद्यालय सुधार योजना निर्माण गर्दा विपद् जोखिम न्युनिकरण अवधारणालाई समेत समाहित गर्ने प्रयास गरिएको छ ।

जिल्ला तहबाट विद्यालय निरीक्षकले तथा संघीयतहमा शिक्षा विभागबाट यसको गुणस्तर तथा कार्यान्वयनका पक्षहरूको अनुगमन निरीक्षण गर्ने प्रबन्ध मिलाइएको छ । दोलखाको बिभिन्न स्थानीय तहमा यो अवधारणा बमोजिम बिद्यालयको योजना बन्ने र शिक्षण सिकाई पनि यसैतर्फ केन्द्रित हुने गरेको देवि उच्च माध्यमीक बिद्यालयका प्रधानाध्यापक करुणा बस्नेत बताउँछिन् । उनी भन्छिन्-'विपद् जोखिम न्युनिकरणको अवधारणा केन्द्रिय पाठ्यक्रममा समाविष्ट भएपछि दीर्घकालीन योजनामा समेत समेटेका छौ ।'



गतबर्ष आएको महाभूकम्पबाट देश भर ३४ हजारभन्दा बढी कक्षा कोठाहरू नष्ट भएका थिए । विपद्मा परी देशभरमा ५८४ बालबालिकाले ज्यान गुमाएका थिए । यसमध्ये ५७२ जना आधारभूत तहमा अध्ययन गर्ने बालबालिका थिए । दोलखा जिल्लामा विपद्का कारण १ सय ७८ जनाले ज्यान गुमाएका थिए । बोच गाविसमा मात्र १ हजार १ सय ५० जना प्रभावित भएका थिए । देशभरमा १० लाख बिद्यार्थीले कुनै पनि भौतिक संरचना बिना पढाई गर्नुपर्ने र करीब ५ लाख बिद्यार्थी विपद्पछि बिद्यालय फर्कन सहायताको आवश्यकता परेको थियो ।

सुरक्षित बिद्यालयको अवधारणा अन्तर्गत भौतिक संरचनाको सुरक्षा उपाय मात्र नखोजेर अन्य प्राकृतिक प्रकोप बाढी, पहिरो, आगलागी जस्ता अन्य प्राकृतिक प्रकोपबाट सुरक्षाको उपाय खोजिन्छ भने बाल हिंसा, बाल दुराचार, बेचबिखन लगायतका जोखिम बिरुद्ध सचेतना र सुरक्षाका उपायको खोजी गरिन्छ ।

बोच गाविसस्तरीय बाल भेलाका क्रममा बालबालिकाले भौतिक संरचनाको सुरक्षासंगै बालअधिकारको संरक्षणको पनि माग गरेका थिए । बाल भेलाले गरेको निर्णय सम्बन्धित स्थानीय तहले सम्बोधन गर्ने कुरा भए तत्काल र अरु सरोकारवालासंग सम्बन्धित भए सम्बन्धित निकायमा प्रेषित गर्ने गरिन्छ ।

बोच गाविसका तत्कालीन गाविस सचिब तिर्थ घिमिरेले बाल भेलाका निर्णय आफूले जिल्लामा पठाएको र बाल अधिकारकर्मीहरूले सार्वजनिक रुपमा ध्यानाकर्षण गरेको बताउँछन् । तत्कालीन बोच गाविसमा बालबालिकासँग सम्बन्धित योजना तर्जुमा गर्नका लागि गाविसस्तरीय बाल भेला आयोजना गरिएको थियो । बाल भेलामा मूलतः स्थानीय तहका बालक्लबका प्रतिनिधिहरू एकै स्थानमा भेला भई बिभिन्न बिधिद्वारा योजना छनौट गर्ने गरिन्छ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तय गरेको बाल भेला सञ्चालन बिधिअनुसार बाल भेलामा उपस्थित भएका सबै बालबालिकाहरूलाई तीन समूहमा बिभाजन गरी मनपर्ने र मन नपर्ने कुराको चित्रद्वारा राय दिन आग्रह गरिन्छ । यसै गरी सुरक्षित र असुरक्षित स्थलबारे पनि बालबालिकाले चित्रांकनमार्फत अभिव्यक्ति दिन लगाइन्छ । अन्तिममा बालबालिकाले स्थानीय तहको परिकल्पनालाई चित्रमार्फत व्यक्त गर्छन् । यस्तो अभिव्यक्तिबाट आएका सवाल, समस्यालाई योजना र कार्यक्रममा रुपान्तरण गरी भावी योजना छनौट गर्ने अभ्यास छ ।

तत्कालीन बोच गाविस र हाल वडा नम्बर ८ मा बाल भेला गरिँदा ८ देखि १३ बर्ष उमेर समूहका बालक र बालिकालाई एक समूह, १३ देखि १८ बर्ष उमेर समूहका बालक र बालिकाको बेग्ला बेग्लै समूह बनाई आफ्नो आवाज र बिचार अभिव्यक्त गर्न आग्रह गरिएको थियो । यस बमोजिम दुबै समूहबाट बिपद् जोखिम न्युनिकरणमा सर्वाधिक चासो व्यक्त गरेका थिए ।

स्थानीय बालअधिकार अभियन्ता राजन बस्नेतकाअनुसार बालबालिकाहरूले आफूलाई मन नपर्ने विषयमा भूकम्प, बाढी, पैरो, आगलागी जस्ता प्राकृतिक प्रकोपलाई चित्रमा उल्लेख गरेका थिए भने असुरक्षित बिषयमा पनि भूकम्पबाट भत्केको संरचना, पुनर्निर्माणमा ढिलाईका कारण पाल मुनि बस्नु परेको व्यथालाई उजागर गरेका थिए । उनले भने 'बोच गाविसमा मात्र होइन जिल्लाका धेरै गाविसका बालबालिकाको यस्तै आवाज हुन्छ । बालबालिकाले मात्र होइन वयस्क तथा प्रौढहरूको पनि यही आवाज हो । यस्को उपचार खोज्नैपर्छ ।'

*(मीरेष्ट लेखमालाबाट)*

# लम्सालले ल्याए महाकाव्य

काठमाडौं- पत्रकार डा. नवराज लम्सालको दोस्रो महाकाव्य 'धरा' बजारमा आएको छ । महाकाव्यको साहित्यकारहरू तुलसी दिवस, डा. गोविन्दप्रसाद भट्टराई, जगमान गुरुङ, भुवन ढुंगाना, धर्मेन्द्र झा, महेश पौड्याल, कृतिकार र उनका माता पिताले विमोचन गरेका हुन् ।

महाकाव्य २६ सर्ग छन् । पुस्तकबारे डा. गोविन्द भट्टराईले समीक्षात्मक टिप्पणी गर्दै महाकाव्य सशक्त र समसामयिक भएको बताए । तुलसी दिवसले महाकाव्यभित्रका विषय र यसको छन्दबारे कार्यक्रममा चर्चा गरे । यस्तै भुवन ढुंगाना, महेश पौड्याललगायतले पनि विमोचित महाकाव्यबारे आफ्ना भनाइ राखे । पाँच सय रुपैयाँ मूल्य राखिएको धरालाई ऐश्वर्य प्रकाशनले बजारमा ल्याएको हो ।

# अधिकारीको 'भरियाको भूगोल' सार्वजनिक

काठमाडौं । कवि तथा गीतकार दिनेश अधिकारीको कृति 'भरियाको भूगोल' सार्वजनिक भएको छ । २०५१ सालमा अधिकारीलाई साझा पुरस्कार दिलाउने 'इन्द्रजात्रा' पछिको 'भरियाको भूगोल' दोस्रो कृति हो । पुस्तक सार्वजनिक भएपछि मुकारुङले गद्य कविताको मामिलामा दिनेश अधिकारीको नाम सबैभन्दा अगाडि आउने गरेको बताए ।

अधिकारीले २०५६ सालमा 'अतिरिक्त अभिलेख'का निम्ति मदन पुरस्कारसमेत पाएका थिए । कवितासँगै गीत लेखनमा पनि सिद्धहस्त अधिकारीका थुप्रै गीत कालजयी छन् । 'पलैंटी' शृंखलामा गायकगायिकाले उनका थुप्रै कालजयी गीत सुनाए । अधिकारी लिखित गीतहरु प्रस्तुत गर्ने कार्यक्रमको पहिलो भागको अन्त्य भने 'पहाडमा जाडो बढे, तराइले सेक्नु पर्छ' बाट गरिएको थियो ।

# उतारचढावपूर्ण ट्रम्पका सय दिन



विष्णु भट्टराई

'मेक अगेन अमेरिका' नारा दिँदै अमेरिकी राष्ट्रपति पदमा निर्वाचित भएका डोनाल्ड ट्रम्पले ह्वाइट हाउस प्रवेश गरेको सय दिन पूरा भएको छ । निर्वाचनताका विवादास्पद अभिव्यक्ति दिएर राष्ट्रपतिमा निर्वाचित हुनुअघि नै विश्वभर सर्वाधिक चर्चामा रहेका डोनाल्ड ट्रम्प राष्ट्रपति भएपछि पनि चर्चाकै शिखरमा छन् । ट्रम्पले विशेषत: मुस्लिम समुदायप्रति देखाएको अनुदार रवैयाले उनी मुस्लिम दुनियाँमा आलोचित छन् । त्यस्तै यिनले द्वन्द्वग्रस्त मुलुक सिरियामा बमबारी गराएर आफूलाई युद्ध सरदारका रुपमा चिनाएका छन् । ट्रम्पकै कारणले तेस्रो विश्वयुद्ध हुने त छैन भन्ने चिन्ता संसारभर छाइरहेको छ ।

ट्रम्पले मिसाइल र परमाणु परीक्षणका विषयमा उत्तर कोरियासँग तनाव गहिरिने सम्भावना औंल्याएका हुन् । तर, पनि यो विषयमा कूटनीतिक तरिका अपनाउने कोसिस पनि गरिने उनले स्पष्ट पारेका छन् । ह्वाइट हाउसमा आफ्नो सय दिन पुगेको अवसरमा रोयटर्सलाई दिएको एक अन्तर्वार्तामा ट्रम्पले उत्तर कोरियासँग अमेरिकाको विवाद थप गहिरिने सम्भावना व्यक्त गरेका हुन् । उनले डोनाल्ड ट्रम्पले उत्तर कोरियाको मुद्दामा चिनियाँ राष्ट्रपति सि जिनपिङको सहयोगको तारिफसमेत गर्न भ्याए । ट्रम्पले उनी राम्रो व्यक्ति भएको र युद्धको स्थिति पैदा नहोस् भन्नका लागि लगातार कोसिस गरिरहेको बताए ।

डोनाल्ड ट्रम्प प्रशासनले उत्तर कोरियालाई सुरक्षाका लागि घातक देश बताउँदै आएको छ । उनले आफू उत्तर कोरियामाथि आर्थिक र कुटनीतिक रूपमा दबाब दिने कोसिस गर्ने बताए । यो मुद्दामा डोनाल्ड ट्रम्पले अमेरिकी सिनेटलाई पनि सूचना दिएका थिए । अमेरिकामा भएका विभिन्न सर्वेक्षणमा मात्रै होइन, विश्वमा नै उनी अमेरिकी राष्ट्रपति बन्नेमा धेरै मानिसहरूमा विश्वास थिएन । तर, सबै अनुमानलाई असफल साबित गर्दै उनी अमेरिकाको ४५औं राष्ट्रपति बने । अझै पनि धेरै अमेरिकीले उनलाई राष्ट्रपतिको रूपमा खुला हृदयले स्वीकार गरेका छैनन् भने उनीविरुद्धमा हुने प्रदर्शनले पनि निरन्तरता पाइरहेका छन् ।

राष्ट्रपतिका रूपमा ट्रम्पले सपथ लिएपछि चुनावी अभियानमा व्यक्त गरेका प्रतिबद्धताअनुसार धमाधम कार्यकारी आदेश दिए । मेक्सिकोको सीमामा पर्खाल लगाउने, ओबामा केयरलाई निस्तेज बनाई सहज र सस्तो स्वास्थ्य बिमाको व्यवस्था गर्ने, अमेरिकाले अन्तर्राष्ट्रिय समुदायलाई उपलब्ध गराउँदै आएको आर्थिक सहयोग बन्द गर्ने, अमेरिकाको केन्द्रीय सरकारमा कुनै पनि नयाँ नियुक्ति नगर्ने, ट्रान्सप्यासिफिक पार्टनरसिपमा अमेरिका नरहने, ६ मुस्लिम बहुल मुलुकका नागरिकलाई अमेरिका प्रवेशमा बन्देज र पछिल्लो समय उनले अमेरिका पहिलो नीतिअन्तर्गत 'अमेरिकन किनौं' आदेश जारी गरेका छन् । पूर्वराष्ट्रपति बाराक ओबामाले ल्याएको ओबामा केयर नीतिलाई खारेज गरी उनले स्वास्थ्य बिमा योजना लागू गरे जुन उनको चुनावी नारा नै थियो । रियलस्टेट बिजनेस, मिडिया पर्सनालिटी हुँदै उनी अमेरिकी राजनीतिमा प्रवेश गरेको छोटो समयमा नै ह्वाइट हाउस प्रवेश गरेका हुन् ।

राष्ट्रपतिका रूपमा जनवरी २० मा ह्वाइट हाउस प्रवेश गरेका ट्रम्पले एकपछि अर्को कार्याकारी आदेशमा हस्ताक्षर गरे । निर्वाचनका बेला गरिएका वाचालाई पूरा गर्न उनले आदेशमा हस्ताक्षर गर्दै जाँदा उनको साख पनि खस्किँदै गएको छ । अमेरिकामा राष्ट्रपतिको ९० दिनलाई अनुमोदनको मापनमा नापिँदै आएको छ । यो मापनमा उनको सान खस्किएको देखिएको छ । सीएनएन/ओआरसी सर्वेक्षणमा उनलाई अहिलेसम्मको तल्लो अनुमोदन रेटिङ दिइएको छ । राष्ट्रपतिका रूपमा उनले ह्वाइट हाउस प्रशासनको नेतृत्व गर्दै गर्दा उनको पक्षमा देखिएको समर्थन घटेर ४४ प्रतिशतमा झरेको छ भने असन्तुष्टि बढेर ५४ प्रतिशत पुगेको सर्वेक्षणले देखाएको छ ।

पछिल्ला पाँच अमेरिकी राष्ट्रपतिको सय दिनको अनुमोदन दर हेर्ने हो भने ट्रम्पको भन्दा धेरैमाथि देखिएका थिए । रोनाल्ड रेगनको यो दर सय दिनमा ५१ बाट बढेर ६८ पुगेको थियो । त्यस्तै, जर्ज एचडब्लू बुसको ५१ बाट बढेर ५६ प्रतिशत पुगेको थियो । यस अवधिमा बिल क्लिन्टनको दर ५८ बाट ५५ भए पनि उनले ५० को आँकडाबाट तल झर्नु परेन । सोही अवधिमा जर्ज डब्लू बुसको अनुमोदन दर ५७ प्रतिशतबाट ६२ प्रतिशत थियो ।

ट्रम्पको शासनकालबारे भएको सर्वेक्षणबाट पाएको मतले उनी प्रतिको तीव्र असन्तुष्टिलाई देखाउँछ । अमेरिकी विद्वानहरू नै उनीप्रति खुसी छैनन् । अमेरिकासँग कहिल्यै सरोकार नराखेका आप्रवासीमाथि त्रास, महिलामाथि द्वेषभाव, नैराश्य र स्वार्थप्रेरित कार्यहरूजस्ता अकल्पनीय विषयहरूले अहिले अमेरिकी समाजमा प्रवेश पाएको उनीहरूको आरोप छ । पछिल्लो समय रुस र ट्रम्प प्रशासनबीचको सम्बन्ध तिक्ततापूर्ण छ । अमेरिकी राष्ट्रपतिमा निर्वाचित हुँदै गर्दा ट्रम्पले रुससँगको सम्बन्ध सुधार गर्ने बताएका थिए । तर, पछिल्लो समय ट्रम्प प्रशासन र क्रेमलिनबीचको दूरी बढेको छ ।





अमेरिकी राष्ट्रपतीय निर्वाचनमा रुसले प्रभाव पारेको भन्ने एफबीआईले आरोप लगाउँदै आएको छ । राष्ट्रपतिको चुनावी प्रचार अभियानदेखि रिपब्लिकनबाट राष्ट्रपतीय उम्मेदवार डोनाल्ड ट्रम्पलाई विजयी गराउन मस्कोले व्यावसायिक ह्याकरहरूको प्रयोग गरेको अमेरिकी गुप्तचर संस्थाहरूले लगाउँदै आएका छन् । निर्वाचन अभियानमा रुसले हिलारी क्लिन्टनलाई हराउन ट्रम्पलाई फाइदा हुने गरी ईमेल ह्याकिङ गरेको विपक्षी डेमोक्रेटिक पार्टीले आरोप लगाउँदै आएको छ । हाल एफबीआईले आफ्नै किसिमले छानबिन गर्दै छ भने सिनेटको इन्टेलिजेन्स कमिटीले समेत छानबिन गरिरहेको छ । ट्रम्प प्रशासन र मस्कोले यसलाई अस्वीकार गर्दै आएको छ ।

पछिल्लो सयम सिरिया युद्धको कारण यी दुई शक्ति राष्ट्रबीचको दूरी थप बढेको छ । रुसको साथ पाएका सिरियाली राष्ट्रपति बसार अल असद नेतृत्वको सरकारले आफ्ना नागरिकमाथि रासायनिक हतियार प्रयोग गरेको आरोप लगाउँदै ट्रम्प प्रशासनले आफ्नो पूर्व नीतिमा अचानक यू टर्न गरी सिरियाली सेनामाथि मिसाइल हमला गर्‍यो । ट्रम्पले आफ्नो चुनावी प्रचारका दौरानसमेत सिरियामा हस्तक्षेप अनुपयोगी भन्दै ओबामाको नीतिको जोडदार विरोध गरेका थिए । तर, अचानक उनले सिरियामाथि क्षेप्यास्त्र प्रहार गरे । सन् २०१३ मा पूर्वराष्ट्रपति बाराक ओबामाले सिरियामा हस्तक्षेप गर्नुपर्ने धारणा राख्दा ट्रम्पले निन्दा गरेका थिए । उनी आफ्नो पूर्वविचारबाट एक्कासी पछि हट्दै सिरियामाथि आक्रमण गर्दा रुस क्रुद्ध बनेको छ । सिरियामा रुसी सैनिक राष्ट्रपति असाद नेतृत्वको सेनालाई सहयोग गर्न तैनाथ रहेको छ ।

ट्रम्पले 'अमेरिका फस्ट नीति' अवलम्बन गर्दै खुला बजार व्यवस्थालाई नियन्त्रणको प्रयास गरिरहेका छन् । उनले गत साता मात्र 'अमेरिकन किनौं' कार्ययकारी आदेशमा हस्ताक्षर गरे । यस्तोमा ट्रम्प चीनसँगै खुला अर्थतन्त्रको पक्षपाती जर्मनी र जापानको घेराबन्दीमा समेत परेका छन् । उनले खुला बजार नीतिलाई नियन्त्रण गर्ने उद्घोष गर्दै गर्दा विश्वका यी तीन आर्थिक शक्ति उनीविरुद्ध एकजुट भएका छन् । चीन नीतिमा ट्रम्पका अभिव्यक्तिहरू अस्थिर छन् । यसबाट चीन उनी प्रति सशंकित छ । ट्रम्पले आफ्नो चुनावी अभियानमा चीनको मौद्रिक नीति तथा बौद्धिक चोरी गरेको भन्दै कडा आलोचनामा उत्रिएका थिए । उनको सो अभिव्यक्तिप्रति चीनको सरकारी समाचार संस्था सिन्ह्वाले भने अमेरिकी प्रजातन्त्र खतरामा रहेको भन्दै प्रेस विज्ञप्ति जारी गरेको थियो ।

पछिल्लो महिना ट्रम्प र चिनियाँ समकक्षी सीबीच भेटवार्ता भयो । भेटवार्तामा दुई देशबीचको सम्बन्धका साथै उत्तर कोरियाको आणविक कार्यक्रमले चर्चा पाएको अन्तर्राष्ट्रिय मिडियाले उल्लेख गरेका छन् । उत्तर कोरियाले एक पछि अर्को क्षेप्यास्त्र परीक्षण गरेपछि अमेरिका चिन्तित छ । उसले त्यसको प्रतिकारमा दक्षिण कोरियामा प्रतिरक्षा संयन्त्र स्थापना गरेको छ । त्यसको विरोधमा उत्तर कोरियामा प्रदर्शनसमेत भएको छ । उत्तर कोरियाले बेला बेलामा क्षेप्यास्त्र परीक्षण गर्नु अमेरिका र चीन दुवैका लागि ठूलो सुरक्षा चुनौती भएको छ । उत्तर कोरियाको रासायनिक हतियार दुवै देशले विश्वकै लागि टाउको दुखाइको विषय भएको ठान्ने गरेका छन् ।

अमेरिकाको 'एक चीन नीति' प्रतिको धारणाले समेत यी दुई शक्ति राष्ट्रबीचको दूरीलाई बढाएको छ । चीन र अमेरिकाका लागि 'ताइवान' पनि अर्को चासोको विषय बन्दै आएको छ । चीन र ताइवानको सम्बन्धलाई लिएर ट्रम्पको विवादास्पद अभिव्यक्ति आएको थियो । उनको यो अभिव्यक्ति पनि चीनले आपत्ति जनाएको थियो । ट्रम्पले 'एक चीन नीति' लाई निरन्तरता दिने विषयमा प्रश्न उठाएपछि चीनले आपत्ति जनाएको छ । ट्रम्पले ताइवान 'एक चीन' को भाग हो भन्ने लामो समयदेखिको धारणामा अडिग रहनुपर्छ कि पर्दैन भन्ने विषयमा प्रश्न उठाएका थिए । 'एक चीन नीति' लाई स्वीकार गर्दै अमेरिकाले ताइवानलाई चीनको एक अभिन्न अंगका रूपमा स्वीकार गरेको थियो । यसअघि ट्रम्पलाई ताइवानकी राष्ट्रपति साइ इङ वेनले टेलिफोन गरी बधाई दिएपछि विवाद पुन: उत्कर्षमा आएको थियो । त्यस्तै, दक्षिण चीन सागरको विषयमा समेत यी दुई शक्ति राष्ट्रबीच विवाद छ । दक्षिण चीन सागरको ९० प्रतिशत क्षेत्रलाई चीनले आफ्नो दाबी गर्दै आएको छ । तर, अमेरिकाले यसको विरोध गर्छ । उसले दक्षिण चीन सागरमा चिनियाँ गतिविधि निगरानी गर्दै आएको छ । र आफ्ना सैनिक बेलाबेलामा त्यता पठाउँदै आएको छ ।

राष्ट्रपतिको पदभार ग्रहण गरेपश्चात् चुनावी वाचा पूरा गर्दै शरणार्थी तथा आप्रवासीसम्बन्धी कार्यकारी आदेशमा हस्ताक्षर गरे । उनको यो आदेश अमेरिका मात्र नभई समग्र विश्वमै विवादस्पद बन्यो । ट्रम्पले सबै शरणार्थी र विश्वका सात मुस्लिम देशका नागरिकलाई अमेरिका प्रवेशमा निषेध गर्ने कार्यकारी आदेश जारी गरेपछि उनको विरोध भयो । उनको आदेशलाई अदालतले खारेज गरिदियो । ट्रम्पले पुन: केही नरम भएर अमेरिका प्रवेशको संशोधित कार्यकारी आदेश जारी गरे । सो संशोधित आदेश लागू हुनुभन्दा एक दिन अगाडि अर्को एक संघीय अदालतले उनको सो आदेश पुन: खारेज गरिदियो ।

त्यस्तै, अमेरिकामा आप्रवासीहरूलाई नियन्त्रणमा लिएर फिर्ता गराउन अस्वीकार गर्ने सहरलाई अनुदान नदिने निर्णयको विपक्षमा अमेरिकाको एक संघीय न्यायाधीशले फैसला गरिदिएका छन् । यसले पनि. उनको साख गिर्दै गएको छ । आप्रवासिलाई बन्देज गर्ने डोनाल्ड ट्रम्पको आदेशका विरुद्ध अमेरिकामा रहेका सूचना प्रविधिसम्बन्धी काम गर्ने ठूला कम्पनीहरू पनि एक ठाउँमा जम्मा भए । अमेरिकामा रहेका ठूला आईटी कम्पनीहरूले अमेरिकन राष्ट्रपति डोनाल्ड ट्रम्पको आप्रवासी बन्देजसम्बन्धी आदेशको विरुद्धमा एप्पल, गुगल, फेसबुकलगायत अमेरिकामा रहेका ठूला आईटी कम्पनीहरूले मुद्दामा हस्ताक्षर गरे । अमेरिकाले दक्ष कामदार हरूका लागि जारी गर्ने एचवान भिसामा पनि कडाइ गर्ने बताएलगत्तै गुगल, फेसबुक, एप्पल, माइक्रोसफ्टलगायतका ९७ कम्पनीले ट्रम्पको आदेशविरुद्ध मुद्दा दायर गरेका हुन् ।

ट्रम्पले संयुक्त राज्य अमेरिकालाई ट्रान्स प्यासिफिक पार्टनरसिप (टीपीपी) व्यापार सम्झौताबाट औपचारिक रूपमा पछि हटाएका छन् । ट्रम्पले १२ देशको व्यापार सम्झौताको वार्ता प्रक्रियाबाट बाहिरिने आदेशमा हस्ताक्षर गरेका छन् । सो सम्झौता पूर्वराष्ट्रपति बाराक ओबामाको निकै ठूलो अन्तर्राष्ट्रिय व्यापार परियोजना थियो । ट्रम्पले आफ्नो चुनावी प्रचार अभियानमा यसलाई खारेज गर्ने वचन दिएका थिए । उनको यो निर्णयलाई अमेरिका भित्रै आलोचना भएको छ । त्यस्तै, विश्वले समेत उनको आलोचना गरेको छ । ट्रम्पले राष्ट्रपति बनेलगत्तै संरक्षणवादी व्यापार नीति लागू गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । सोही अनुरूपम 'अमेरिकन किनौं' कार्यकारी आदेशमा हस्ताक्षर गरेका छन् । सात वर्षको लामो छलफलपछि गत वर्ष फेब्रुअरी ४ तारिखमा न्युजिल्यान्डमा टीपीपी सम्झौतामा हस्ताक्षर गरिएको थियो । ट्रम्पका अनुसार यो सम्झौता अमेरिकी रोजगार र निर्माण क्षेत्रका विपक्षमा थियो ।

डोनाल्ड ट्रम्पले राष्ट्रपति चुनावको अभियानताका मेक्सिकोसँगको २ हजार माइल लामो सिमानामा पर्खाल लगाउन तीन वर्षे योजना सार्वजनिक गरेका छन् । सुरुमा पर्खाल निमार्णको खर्च मेक्सिकोले नै बेहोर्नुपर्ने उनले बताएका थिए । तर, मेक्सिकोले ट्रम्पको प्रस्ताव अस्वीकार गर्‍यो । आफ्नो चुनावी अभियानका क्रममा उनले गरेको वाचा अनुरूप पर्खाल लगाउने खर्च अमेरिका आफैंले बेहोर्ने गरी ट्रम्पले तीन वर्षको कार्यक्रम र बजेट प्रस्तुत गरिसकेका छन् ।

आफ्नो चुनाव ताका अमेरिकी राष्ट्रपति टम्पले अमेरिकामा ओबामा प्रशासनले लागू गरेको विवादास्पद स्वास्थ्य सुरक्षा बिमा 'ओबामा केयर' लाई अमेरिकाका लागि 'डिजास्टर' भएको बताउँदै आएका थिए । उनले आफ्नो चुनावी अभियानका क्रममा ओबामा केयरलाई खारेज गरी सर्वसुलभ स्वास्थ्य बिमा लागू गर्ने वाचा गरेका थिए । राष्ट्रपति ट्रम्पले सरल र सस्तो स्वास्थ्य बिमाको व्यवस्थाका लागि तयारी गर्नुपर्ने कार्यकारी आदेश जारी गरे । कांग्रेसमा छलफलका लागि पेस भएको थियो । उनको यो प्रस्ताव अपूर्ण रहेको भन्दै कांग्रेसमा आलोचना भयो । उनकै पार्टीका सिनेटर तथा कांग्रेसमेनहरूले नै यसको आलोचना गरेका छन् । चर्को आलोचनापछि उनी यो आदेशबाट पछि हट्न बाध्य भएका छन् । उनले सिनेटमा प्रस्तुत गरेको प्रस्तावित स्वास्थ्य बिमा योजना फिर्ता लिए । उनको यो अर्को ठूलो असफलता हो । यसले पनि उनको अनुमोदन दरलाई खस्काउने काम गर्‍यो । चुनावी अभियानका क्रममा गरिएको वाचाबाट समेत उनी पछि हट्न बाध्य भए ।

*एजेन्सीहरुबाट*

# रोचक संसार

## रोबोट पत्रकार



अक्षरको खेती गर्ने पत्रकारहरुको जागिर धरापमा पर्ने देखिएको छ । किनकी एक सेकेण्डमा ३ सय शव्द लेख्न सक्ने रोबोट पत्रकार फिल्डमा उत्रिएको छ ।

जिआओ नान नामक विश्वकै पहिलो रोबोट पत्रकारको आविष्कार कुनै चमत्कार भन्दा कम छैन । चीनले हालै एउटा यस्तो रोबोट पत्रकार तयार गरेको छ जोसँग लेखनको अद्भुत क्षमता छ । यो पहिलो रोबोट पत्रकारले लेखेको लेख चीनको सदर्न मेट्रोपोलिस डेलीमा छापिइसकेको छ ।

एक सेकेण्डमा कुनै गल्ती विना नै ३ सय शव्द सजिलैसँग लेख्न सक्ने यो रोबोटले आफ्नो पहिलो लेख चाहीँ वसन्त उत्सवका बेला यात्रीहरुको ठूलो भीडका बारेमा लेखेको छ । चीनले पहिलो रोबोट पत्रकार खटाएसँगै पूरै दुनियाका लागि चर्चाको विषय बनेको छ । यो रोबोट हरेक प्रकारका समाचार लेख्न समेत माहिर रहेको बताइएको छ । यसले केवल समाचार मात्र लेख्दैन, घटना समाचारमाथि विश्लेषण पनि गर्न सक्दछ ।

## गड्यौला खाएर कीर्तिमान

भारतको तमिल नाडुस्थित कोइम्बटोरमा बस्ने २७ वर्षका जोन पिटरले सबैभन्दा धेरै किरा फट्यांग्रा खाने विषयमा विश्व किर्तिमान राखेका छन् । उनले साङला पनि खान्छन् । उनको सबैभन्दा मनपर्ने खानेकुरा चाहीँ बिच्छी हो । अनि उनले गड्यौला खाएर विश्वकिर्तिमान कायम गरेका छन् ।

उनको दैनिकी किरा फट्यांग्रा खाएरै बित्दछ । बिहानको खाजामा डोसा र आधा किलो गड्यौला हुन्छ । लञ्चको रुपमा सागपात र गड्यौला भरेको स्याण्डविच खाने गर्छन्, जो उनकी आमाले तयार गरिदिन्छिन् । दिउसोको स्न्याकको रुपमा १० देखि २० वटा सम्म छेपारोहरु हजम गर्छन् । बेलुकीको स्न्याकमा साङला र कमिला खान्छन् । अनि डिनरमा दाल भातका साथै घाँसे फट्याङग्रा र ड्रागन फ्लाई । घाँसे किरा, साङला, कमिला तथा माकुरा पनि उनका दैनिक भोजन हुन् । भ्यागुता, चिप्लेकिरा, किर्ना खानपनि उनी मन पराउँछन् । हप्ताको एक दिन विशेष



भोजनको रुपमा बिच्छी खाने गर्छन् उनी । टेलिभिजन श्रृंखला म्यान भर्सेस वाइल्डबाट प्रभावित भएर १५ वर्षको उमेरदेखि नै उनले किट पतंग खान थालेका थिए ।

## खुलेन बैंक खाता

मेक्सिकोकी १ सय १६ वर्षीया मारिया फेलिक्स विश्वका सबैभन्दा वृद्ध महिलाहरु



मध्येकी एक हुन् । सात वर्षको उमेरमा अनाथ बनेपनि मारियाले आफ्नो यो लामो जिन्दथी पूरा हौसलाका साथ जिइन् । तर उमेरले डाँडो काटेको यो अवस्थामा आइपुगेपछि चाहीँ उनलाई एउटा समस्या आइपरेको छ । वास्तवमा उनलाई यो उमेर नै समस्या बनेर खडा भएको छ ।


समस्या के भने, उनको बैंक खाता खोल्न कुनैपनि बैंकले मान्दैन । समयमा पेन्सन आओस् र घरखर्च चलाउन सकियोस् भन्नका लागि उनले बैंक खाता खोल्न चाहन्थिन् । तर जुन बैंकमा गएपनि उनको चाहना पूरा हुन सकेको छैन ।

सबै बैंकको सिस्टम के रहेछ भने खाताधारीको उमेर १ सय १० वर्ष भन्दा धेरै हुन नसक्ने । त्यसैले १ सय १६ वर्षकी मारियाको बैंक खाता खोल्न बैंक सिस्टमले नै नलिने । बैंकमा खाता खोल्न नपाएकै कारण उनले झण्डै साढे ६ हजार रुपैयाँ बराबरको मासिक पेन्सन पछिल्लो ३ महिनादेखि बुझ्न पाएकी छैनिन् ।

१ सय १६ वर्षीया यी वृद्धाको यो समस्याका विषयमा मेक्सिकोका स्थानीय मिडियाहरुले लगातार समाचार लेखेपछि सरकारले शुक्रबार मारियालाई १६ हजार रुपैयाँ बराबरको आर्थिक सहायता प्रदान गर्यो । स्थानीय बैंकहरुले १ सय १० वर्ष भन्दा माथिका मानिसहरुको बैंक खाता खोलेर सेवा दिने सिस्टम आफुहरुसँग नभएको स्विकार गरेका छन् । बैंकमा खाता नखुलेपनि सरकारी सुविधा पाएप्छि मारिया मख्ख छिन् । उनी भन्छिन् : पहिले त मैले हिम्मत हार्ने लागेकी थिएँ । तर इश्वर सबैभन्दा बलबान छन्, उनले मद्दत गरे ।

स्थानीय प्रशासनका अनुसार सन् १९०० मा जन्मिएकी मारिया आगामी जुलाईमा ११७ वर्षकी हुनेछिन् । त्यसपछि उनको नाम दुनियाकी सबैभन्दा वृद्ध महिलामा सामेल हुनेछ ।

## बञ्चरोले कपाल काट्ने सैलुन



सर्पले मसाज गर्ने, अण्डाले मेकअप गर्ने जस्ता दुनियाका अनेक खालका कृत्यहरुका बारेमा त सुन्नुभएकै होला । र, अहिले चाहीँ बञ्चरोले कपाल काट्ने अनौठो कृयाकलापको समाचार बाहिर आएको छ ।

वास्तवमा रुसी हेयर ड्रेसर डानिल इस्टोमिनले कैंचीले होइन बञ्चरोले कपाल काटिदिन्छन् । उनको सैलुनमा बञ्चरोले कपाल कटाउने ग्राहकहरुको भीड हुन्छ ।

आफूलाई बञ्चरोले कपाल काट्न निकै सजिलो हुने डेनियल बताउँछन् । उनीकहाँ आउने ग्राहक पनि नडराइकन बञ्चरोमा टाउको थाप्छन् । डेनियलले बञ्चरोले कपाल काटिदिएको डरलाग्दो लाग्ने भिडियो यु ट्युबमा पोस्ट गरेका छन् । जहाँ उनले ग्राहकको टाउकोमा बञ्चरो चलाइरहेका छन् । बन्चरो कहिले निधारमाथि पुर्‍याउँछन् त कहिले गर्धनमा । यो भिडियो यु ट्युबमा निकै लोकप्रिय बनेको छ । कतिपयले डेनियलको यो कामको प्रसंसा गरेका छन् भने कतिपयले चाहीँ कपाल कटाउने मामुली कामका लागि समेत टाउकोमा बन्चरो थाप्ने खतरा मोलेको भन्दै आलोचना गरेका छन् ।

## बच्चा जन्माउने मेसिन

१३ वर्षमा पहिलोपटक आमा बनेकी एक महिलाले ३७ वर्षकी हुँदासम्म ३८ वटा बच्चा जन्माइसकेकी छिन् । सामान्य महिलाले कल्पना पनि गर्न नसक्ने यो प्रजननशीलताले युक्त महिला युगाण्डाकी हुन् ।

मरियम नबातान्जी नामकी ती महिलाको सानै उमेरमा बिहे भयो । उनी १३ वर्षमै पहिलो बच्चा जन्माइन् । युगाण्डाको मुकोनो जिल्लाको कबिम्बिरी गाउँमा बस्ने मरियमलाई सबैले बच्चा जन्माउने मेसिन भन्छन् । उनले ६ पटक जुम्ल्याहा, चार पटक तिम्ल्याहा तथा तिन पटक चम्ल्याहा बच्चा जन्माइन् । केबल दुईपटकको गर्भमा मात्र एक एकवटा बच्चा जन्मिएका थिए ।

मरियमको प्रजनन क्षमता वास्तवमै वंशाणुगत नै रहेछ । उनका बुवाले पनि विभिन्न महिलाहरुबाट गरी ४५ बच्चाका बाउ बनेका रहेछन् । मरियमले आफ्नो परिवार नियोजन गर्नका लागि डाक्टरसँग सल्लाह पनि गरेकी थिइन् । तर डाक्टरहरुले नै उनलाई परिवार नियोजन नगर्न सल्लाह दिए । कस्तो अचम्म ? ३८ बच्चा जन्माउँदा पनि परिवार नियोजन गर्न नभन्ने डाक्टर कस्ता हुन् ? तर यसको कारण रहेछ । वास्तवमा उनको सरीरमा यति धेरै डिम्ब उत्पादन हुने रहेछन् की यदि उनी आमा नबनेमा उनको ज्यानलाई नै खतरा हुनसक्ने रहेछ । यस्तो त नहुनुपर्ने हो । खासमा उनलाई गलत सल्लाह दिइएको रहेछ ।

मरियमका बच्चाहरुलाई आफ्ना बुवाको अनुहार पनि याद छैन किनकी मरियमका लोग्नेले छोराछोरी हुर्काउन उनलाई सहयोग नै गरेनन् । मरियमको सबैभन्दा ठूलो छोरा २३ वर्षको छ । उक्त छोराले पछिल्लो १० वर्ष त आफ्नो बाउको मुखै देखेको छैन ।

## भैसी सुन्दरी प्रतियोगिता



मान्छेको मात्र होइन कुकुरको सौन्दर्य प्रतियोगिता भएको त सुनिएको थियो । तर पाकिस्तानमा चाहीँ भैंसी सुन्दरी प्रतियोगिता भएको छ । पाकिस्तानको उत्तरी स्वात जिल्लाको सदरमुकाम मिंगोरामा भएको तिन दिने भैंसी सौन्दर्य प्रतियोगितामा किसान तथा भैंसी प्रजननकर्ताहरु आ आफ्ना भैंसी लिएर सहभागी भए । भैंसीको नश्ल सुधारलाई बढावा दिनका लागि उक्त प्रतियोगिता भएको बताइएको छ । प्रतियोगितामा भैंसीको सुन्दरता तथा उसको दुध दिने क्षमता दुबैलाई ध्यान दिइएको थियो ।

*एजेन्सीहरुबाट*

# शैक्षिक गतिविधिमा बाल विकास समाज


तालिममा जिल्ला बाल कल्याण समितिका जीवन पुडासैनी तथा सहभागीहरु


तालिम प्रशिक्षण तथा नाटकको तयारी गर्दै प्रशिक्षक घनश्याम गौतम


कचहरी नाटक गौथली प्रस्तुत गर्दै स्थानीय कलाकारहरु


अनुगमनका क्रममा कार्यकारी प्रमुख


बाल विकास केन्द्रका बारेमा बताउदै वरिष्ठ अधिकृत


सहभागीहरुसाग जानकारी लिदै कार्यकारी प्रमुख


समूह कार्यमा सहभागीहरु


समूह कार्य गर्दै सहभागीहरु


आफ्ना कुरा राख्दै तालिममा सहभागी

**बाल विकास केन्द्रका शिक्षकहरुलाई तालिम**

बाल विकास समाज र सेभ द चिल्ड्रनको संयुक्त प्रयासमा सञ्चालित शहरी क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरुका लागि परियोजना अन्तर्गत संस्थाले ललितपुर महानगरपालिकाद्धारा सञ्चालित विभिन्न वडाका बाल विकास केन्द्रहरुका शिक्षकहरुलाइ २ दिने क्षमता विकास तालिम भएको छ । विशेष गरी बाल विकास केन्द्रका शिक्षकहरुको क्षमता विकास गरी बालबालिकाहरुलाई बालमैत्री वातावरण निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले तालिम सञ्चालन गरिएको हो । तालिममा आठ वटा बाल विकास केन्द्र, शंखमूल शिशु स्याहार केन्द्र तथा बाल विकास समाजका सहजकर्ता सहित २४ जना शिक्षक तथा सहजकर्ताहरुको सहभागिता रहेको थियो । तालिमको सहजिकरण कर्ण दराई र छविलाल चौलागाँइले गर्नु भएको थियो ।

तालिमको उद्घाटन सामाजिक महाशाखाका वरिष्ठ अधिकृत प्रेम बहादुर थापाले गर्नु भएको थियो । सोही क्रममा वरिष्ठ अधिकृत थापाले बाल विकास केन्द्रको वर्तमान अवस्था तथा केन्द्रले महाशाखामा पेश गर्नु पर्ने प्रतिवेदन लगायतका विषयमा प्रष्ट पार्नु भएको थियो । उहाँले बाल विकास समाजले यस नगरपालिकामा सन्चालित बाल विकास केन्द्रका शिक्षकहरुलाई आवश्यक ठानी तालिमको आयोजना गरेको र सोही बमोजिम महानगरपालिकाले पनि प्राविधिक सहयोग गरेको कुरा बताउनु भएको थियो ।

बाल विकास समाजले तालिमको प्रस्ताव ल्याएको र छलफल गरी यो तालिमको निर्कौल गरेको कुरा समेत उहाँले बताउनु भएको थियो । त्यसैगरी बाल विकास समाजले केन्द्रका शिक्षकहरुका लागि सन्चालन गरेको तालिम महत्वपूर्ण रहेको र यसका लागि बाल विकास समाजलाई विशेष धन्यवाद दिनु भएको थियो । तालिममा सिकेका कुरा महत्वपूर्ण हुने र उक्त कुरालाई व्यवहारमा उर्तानु पर्ने कुरामा समेत जोड दिनु भएको थियो ।

यसैगरी तालिमको उद्घाटन सत्रमा बाल विकास समाजका कार्यक्रम व्यवस्थापक सोनीया रिजालले परियोजनाका बारेमा बताउदै तालिमको उद्देश्यका बारेमा समेत प्रष्ट पार्नु भएको थियो । ललितपुर महानगरपालिकासँग समन्य गरेर सञ्चालन गर्न लागिएको यो तालिमबाट सहभागीहरुले धेरै कुरा सिक्ने र सिकेका कुरालाई केन्द्रमा लागु गर्ने विश्वास समेत उहाँले व्यक्त गर्नु भएको थियो । तालिम लिनु मात्र ठूलो कुरा नभइ तालिममा सिकेका कुरा व्यवहारमा उर्तानु ठूलो कुरा भएको बताउनु भयो । उहाँले बाल विकास समाजले बालबालिकाहरुको खुशीका लागि उनीहरुको अधिकारका लागि विभिन्न चुनौतीहरुको सामना गर्दै काम गरिरहेको कुरा समेत उल्लेख गर्नु भएको थियो । उक्त क्षमता विकास तालिमको औपचारिक उद्घाटन पश्चात तालिका अनुसार विषयवस्तुमा प्रवेश गरिएको थियो । विषयवस्तु अनुसार विभिन्न विधिको प्रयोग गरी तालिम सञ्चालन गरिएको थियो ।

यसैगरी तालिमको दोस्रो दिने अघिल्लो दिनको पुनरावलोकनसहित विषयवस्तु अनुसार सञ्चालन गरिएको थियो । तालिमको दोस्रो दिन महानगरपालिकाका कार्यकारी प्रमुखबाट अनुगमन भएको थियो । अनुगमनका क्रममा कार्यकारी प्रमुखले बाल विकास केन्द्रका शिक्षकहरुका लागि यो तालिम महत्वपूर्ण छ । सोही अनुसार तालिममा ध्यान दिएर सिक्ने र सिकेका कुरालाई केन्द्रमा लागु गर्न समेत उहाँले निर्देशन दिनु भयो । बाल विकास समाजले ललितपुर महानगरपालिकासँग समन्वय गरी केन्द्रका शिक्षकहरुको क्षमता विकास गर्ने हेतुले यो तालिम सञ्चालन गरेकोमा महानगरपालिकाका तर्फबाट तथा व्यक्तिगत रुपमा पनि धन्यवाद व्यक्त गर्नु भएको थियो ।

बालबालिकाहरुको खुशीको लागि सबैजना मिलेर काम गर्नुपर्ने कुरा बताउदै सोही अनुसार तालिममा सिकेका कुरालाई व्यवहारमा परिवर्तन गर्न भन्नु भएको थियो । उहाँले बाल विकास समाजले बालबालिकाहरुका लागि गरेको कामहरु प्रशंसनीय रहेका र यस्ता कार्यका लागि आगामी दिनमा पनि महानगरपालिकाका तर्फबाट आवश्यक सहयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको थियो । शिक्षक भनेको परिवर्तनका संवाहक भएको हुनाले सोही बमोजिम आफूलाई परिवर्तन गरी समाज र राष्ट्र विकासमा समाहित हुन सक्नु पर्ने कुरा समेत बताउनु भएको थियो । बालबालिका राष्ट्रका गहना भएको हुनाले उनीहरको विकास तथा संरक्षण गर्नु हामी सबैको दायित्व भएको कुरा समेत उहाँले उल्लेख गर्नु भएको थियो । राष्ट्र विकासमा सँघ संस्थाको ठूलो भूमिका हुने र राज्यले नदेखेका समस्याहरु पनि सँघ संस्थाले देखेर राज्यको सहयोगीको रुपमा काम गर्ने हुनाले पनि सकरात्मक परिवर्तन गर्न बेर नलाग्ने कुरा समेत बताउनु भएको थियो । यसरी अन्त्यमा सबैलाई धन्यवाद भन्दै तालिमबाट बाहिरीनु भएको थियो भने तालिमको समापन वरिष्ठ अधिकृत प्रेम बहादुर थापाबाट गरिएको थियो । संस्थाका फिल्ड इन्चार्ज गोविन्द विकले कम्तीमा तालिममा सिकेका कुरा पचास प्रतिशत मात्र भए पनि फिल्डमा लगेर व्यवहारिक परिवर्तन गर्नका लागि सहभागी शिक्षक तथा सहजकर्ताहरुलाई अनुरोध गर्नु भएको थियो ।

कचहरी नाटक सम्बन्धी तालिम सम्पन्नः

बाल विकास समाजले नुवाकोट जिल्लाका ५ वटा गा.वि.स.मा रहेका किशोरकिशोरीहरुलाई सशक्तिकरण गर्नका लागि भूकम्प प्रभावित जिल्लाका किशोरकिशोरी सशक्तिकरण कार्यक्रम संचालन गरिरहेको छ । यही बैशाख १२ देखि १४ गतेसम्म ३ दिन संचालित कचहरी नाटक सम्बन्धी तालिमको प्रशिक्षण मेरी बास्सै टेलिचलचित्रका हास्य कलाकार श्री घनश्याम गौतम र श्री युगज्योती क्रियाशिलबाट भएको थियो । तालिम पश्चात सहभागीहरुले किशोरकिशोरीहरुको समग्र विकासका लागि नाटकको माध्यमबाट आ आफ्नो समुदायमा जनचेतना जगाउने कार्य गर्नेछन् । नुवाकोट जिल्लाको मदानपुर, कुमरी, बेलकोट, खड्गभञ्ज्याङ्ग र गोर्स्याङ्ग गा.वि.स.बाट ४/४ जना गरी तालिमबाट २० जना प्रशिक्षित भएका छन् । तालिममा नवरस, कचहरी नाटक (फोरम थिएटर)को पृष्ठभूमि, यसको उद्देश्य, कचहरी नाटक प्रस्तुत गर्ने शैली, दर्शकलाई सहभागिता गराउने तरिका, समुदायमा त्यहाँको सवालहरुमा आधारित रही कसरी जनचेतना जगाउने सकिन्छ भन्ने विषयमा केन्द्रित रहेको थियो । भूकम्प पश्चात बालबालिका तथा किशोरकिशोरीहरुमा आइपरेका समस्या समाधान तथा विपद् जोखिम न्यूनिकरणका गर्दै किशोरकिशोरीको समग्र विकासको लागि नाटकको माध्यमबाट जनचेतना जगाउन भूमिका यस तालिमको महत्व रहेको छ ।

तालिमको तेस्रो दिनमा तालिम प्राप्त स्थानीय कलाकार हरुबाट गौथली नामक कचहरी नाटक करिब ३५० जना दर्शकहरुमाझ प्रस्तुत भएको थियो । नुवाकोट जिल्लाको विदूर नगरपालिका-३ बट्टार हावाघरमा देखाइएको उक्त कचहरी नाटक जिल्लामा पहिलो पल्ट भएको कुरा उपस्थित दर्शक तथा पत्रकारहरुले भन्नुभएको थियो । विशेष गरी चेलीबेटी बेचविखन र बाल विवाहका सन्दर्भ भएको दृश्यहरु प्रस्तुत गरिएको सो नाटक चेलीबेटी बेचविखन विरुद्धको अभियान स्वरुप प्रस्तुत गरिएको हो ।

युनिसेफको आर्थिक सहयोगमा कन्सोर्टियम नेपालको साझेदारी तथा सहकार्य समाज नेपाल (विदुर) समन्वयमा संचालित यस कार्यक्रम अन्तर्गत सम्पन्न यस ३ दिने तालिमका क्रममा युनिसेफ नेपालका बाल संरक्षण अधिकृत श्री प्रकाश आचार्यबाट समाजमा रहेका समस्या समाधान गर्ने तरिकाको रुपमा यस नाटकको औचित्य बारे प्रष्ट पार्नुभएको थियो । संस्थाका कार्यक्रम व्यवस्थापक श्री प्रदिपकुमार श्रेष्ठबाट तालिमको समन्वय तथा व्यवस्थापन भएको यस तालिमको सुरुवात जिल्ला बाल कल्याण समितिका सूचना अधिकृत श्री जीवन पुडासैनीबाट शुभकामना व्यक्त गर्नुभएको थियो ।

**गोविन्द विक**

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

# कृषि प्रधान देशमा परनिर्भरता किन ?

उपेन्द्र झा

नेपाल कृषि प्रधान देश हो । आर्थिक क्षेत्रमा प्रमुख हिस्सा ओगटेको कृषि, सरकारको नीति अनुरूपको कार्यान्वयन बिना विकासको गतिमा आउन नसक्नु कृषीक्षेत्रको ठूलो दुर्भाग्य हो। कृषि विकास मन्त्रालयको तथ्याँक अनुसार यो दशकमा आ.व. ०६४/०६५ मा धानको उत्पादन ४३ लाख टनबाट शुरू भई उतार चढाव गर्दै आ.व. ०७२/०७३ मा ४३ लाख मै सिमित रही चालू आ.व. ०७३/०७४ मा ५०.३० लाख मैट्रिक टन उत्पादन भएको हो । धानको उत्पादनमा एक्कासी वृद्धि हुनुको मुख्य कारण अनुकूल मौसम नै हो। अहिले कूल जनसंख्यालाई ९६ लाख टन खाद्यान्नको आवश्यकता रहेको कृषि मन्त्रालयले देखाएको छ।

नेपालमा धान उत्पादन योग्य भूमि १६ लाख हेक्टर छ। आधुनिक कृषि प्रणालीको अभावमा मौसमको अनुकूलता, प्रतिकूलताका कारण धान उत्पादन प्रभावित हुने गर्दछ । गत वर्षको तुलनामा धान उत्पादनको बृद्धिदर ६.८१% देखाएर सरोकारवालाहरू कुशल कार्यान्वयनको यश लिन खोजे पनि गार्हस्थ्य उत्पादनमा कृषिक्षेत्रको योगदान छैठौं याजना अवधि सन् १९८०-८५ (०३६-०४१) मा ५९%, सन् २००० मा ३६.१५%, सन् २००८ मा ३२.२५%, सन् २०१३ मा ३२.६१% र सन २०१५ मा ३१.२३% रहेको तथ्याँकले धेरै खुशी हुने अवस्था छैन।

सन् १९७५ मा आयात निर्यातको अनुपात ६०:४० थियो। सन् २००४ मा यो अनुपात ७२:२८ भयो। अहिले आयात निर्यातको अनुपात ९२:८ मा पुगेको छ । एक दशकमा डेढ खरबबाट आयात झण्डै ८ खरबमा पुग्दै छ भने निर्यात सोही अवधिमा ५८ अर्बबाट ७१ अर्बमा पुगेको छ । ०७० सालमा डब्लूटीओको सदस्य बनेको नेपाल, डब्लूटीओका अल्पविकसित सदस्य मुलुकले विभिन्न सुविधा पाउँदै आएको अवसर पनि उपभोग गर्न सकेको छैन। अमेरिकाले ५ दर्जन तथा चीनले ८ हजार बस्तुमा दिएको निर्यात सुविधा नेपालले उपभोग गर्न सकेको छैन । आयात निर्यातको डरलाग्दो अन्तरलाई पनि गम्भीरतापूर्वक नलिने सरकारको उत्पादनशीलताप्रतिको उदासीनता प्रष्ट झल्किन्छ।

सरकारले चालू आ.व. मा कृषि विकास मन्त्रालयलाई २७ अर्ब ४३ करोड रकम बजेट विनियोजन गरेको छ । २७ अर्ब ६५ करोड वैदेशिक सहायताका १० कृषि परियोजना कृषि विकास मन्त्रालय अन्तर्गत संचालनमा रहेको छ। कृषि परियोजनामा वैदेशिक सहयोग २५ करोड ५९ लाख ५० हजार डलर लगानी गरिएको छ। कृषि विकास मन्त्रालयको तथ्याँक अनुसार कृषि परियोजनाको यो लगानीमा सबभन्दा बढी विश्व बैंकले ९ करोड ६७ लाख ५० हजार, अन्तर्राष्ट्रिय कृषि विकास कोष (आईएफएडी) ले ६ करोड ९ लाख, जीएएफएसपीले ५ करोड ७५ लाख, एडीबीले ३ करोड ८० लाख र एसडीसीले २८ लाख डलरको सहयोग भएको छ । कृषि विकासको लागि अर्बौंको बजेट प्रतिवर्ष उत्पादनशीलता बढाउन खर्च भई रहेको छ । यी परियोजनाबाट पृथक ०५२ सालमा २० वर्षे कृषि विकास कार्यक्रम लागू भएको थियो । त्यो सकेर ०९२ सालसम्मका लागि अर्को कृषि विकास रणनीति तय भएको छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत १० वर्षका लागि ७ वटै प्रदेशमा १ खर्ब ३० अर्ब ७४ करोड २० लाख लगानी गर्न बजेट छुट्याईएको छ । वाली उत्पादनको सम्भाव्यता अध्ययन गरि ब्लक, पकेट, जोन र सुपरजोनको आधारमा कहाँ कुन वाली उत्पादन गर्न सकिन्छ भन्ने उद्देश्यले यो कृषि कार्यक्रम संचालन गर्न खोजिएको हो।

सरकारले कोल्ड स्टोर, प्राँगारिक मल कारखाना स्थापना एवं कृषिवाली र पशुबीमामा सरकारले ५०% अनुदान दिने निर्णय लिएको छ । पशुबीमामा बृद्धि गरि ७५% बनाईएको छ। नेपाल राष्ट्र बैंकले जारी गरेको मौद्रिक नीति अनुसार बैंकहरूले कूल प्रवाह गरेको ऋणको १०% कृषिमा लगानी गर्ने निर्देशन पनि जारि गरेको छ । कृषिलाई करमुक्त क्षेत्र घोषित गरेर उत्पादन बढाउन युवालाई यस क्षेत्रमा संलग्न गर्न बिना धितो २ लाख, त्यसपछि ५ लाखको प्रोत्साहन सहयोग सरकारले ल्याएको छ। कृषि कर्जामा ५% व्याज दरमा ऋण उपल्ब्ध गराई दिने सबै बैंकलाई सरकारको निर्देशन रहेको छ।

कृषि समस्यालाई हल गर्न कृषिविज्ञको व्यवस्था हरेक नगरपालिका/गाउँपालिकामा गरिएको छ । अत्यधिक रासायनिक मलको प्रयोगबाट उत्पन्न व्याक्टेरिया र रोगका कीराहरू बिषादिको प्रयोग नगरि कृषि उत्पादन लिन नसक्ने अवस्थामा सरकारले आई.पी.एम. (इन्टिग्रेटेड पेस्ट मेनेजमेन्ट) प्रविधिको सफल प्रयोग गरि कृषिमा बिषादिको प्रयोग विस्थापित गरि शत्रुजीव उत्पादनको माध्यमबाट कृषि उत्पादन बढाउने नीति लिएको छ । उन्नत बीऊ जोगाउन जीन बैंकको स्थापना गरिएको छ । दक्ष प्राविधिक तयार पार्न कृषि विश्वविद्यालयको व्यवस्था गरिएको छ।

अनुदान र सहुलियत ऋणले निजी क्षेत्रलाई पनि कृषिमा आकर्षित गरेकोले कृषिमा धेरै परियोजनाहरूको थालनी भएको छ । सरकार र निजीक्षेत्रको कृषिक्षेत्रमा उत्साहजनक प्रयास रहेपनि नतिजा भने शून्यमा रहेको छ। कृषिमा यति धेरै नीतिगत सुधारको नतिजा नकारात्मक किन भयो भन्ने विश्लेषण गरेपनि सरकारले व्यवस्थापन र कार्यान्वयन पक्षलाई नबदल्न न सुधार्न सकि रहेको छ । आउने धेरै सरकारले राज्य संयन्त्र समक्ष आत्मसमर्पण गरेको प्रमाणहरू खोज्नु पर्दैन।

ट्रान्सपेरेन्सी इन्टरनेशनलले ०७० सालको आफनो प्रतिवेदनमा राजनीतिक दल, कर्मचारी, प्रहरी, व्यवस्थापिका संसद, न्यायपालिका, व्यापार क्षेत्र, सैनिक, शैक्षिक प्रणाली, स्वास्थ्य सेवा, संचार माध्यम, धार्मिक संस्था र गैर सरकारी संस्था सबै साँगठनिक रूपमा भ्रष्टाचारमा संलग्न रहेको प्रतिवेदन सार्वजनिक गरेको थियो । पुषको अन्तिम हप्ता "नेपाल दक्षिण एशिया कै तेश्रो भ्रष्ट मुलुक" शीर्षक दिएर ट्रान्सपेरेन्सी इन्टरनेशनलले आफनो प्रतिवेदन - २०१६ प्रकाशित गर्‍यो । नेपालको राज्य संयन्त्र संस्थागत रूपमा भ्रष्टाचारमा सामेल रहेको कुरा बोल्न कुनै हिच्किचाहट रहेन । यसको अर्थ सत्तामा आउने जुन प्रकारको सरकारको एउटै एजेण्डा धन कमाउने नै देखिन्छ। विकासको क्षेत्र पहिल्याउने, योजना बनाउने, विदेशी लगानी आकर्षित गर्ने कार्यान्वयनको प्रक्रिया अगाडि बढाएर रकम प्राप्त गर्ने र लक्षित उद्देश्यलाई पूरा हुन नदिई अर्को लगानीलाई अवसर दिने तय गरिएको सामूहिक निर्णय कै आधारमा विकासका परियोजनाहरू संचालन त छन् तर निष्कर्षमा पुग्न सकि रहेको छैन। आफै नआए सिर्जित व्यवधानको कमी भने रहँदैन।

राज्य संयन्त्रको भ्रष्टाचार विधिलाई नजिकबाट हेरेका लोकमानसिंह कार्कीलाई अख्तियार दुरूपयोग निवारण आयोगको प्रमुखमा नियुक्ति गराएर देशमा भई रहेको भ्रष्टाचार र यसमा लिप्त राज्य यन्त्रलाई जिम्मेवारीबोध गराउन कडा कदम चाल्ने निर्देशन पाएर लोकमानसिंह कार्कीले भ्रष्टाचार विरूद्ध अप्रेशन शुरू गर्‍यो । साने माछा समात्दै लोकमानसिंह ठूलो माछा समात्न लाग्दा उनी दलीय प्रकोपको शिकार भए । ठूला माछा समात्नु भनेको राज्य संयन्त्र संचालन गर्ने ठूला तस्करहरूलाई समात्नु थियो । लोकमानसिंहको यो प्रयास कसैलाई ग्राह्य भएन । लोकमानलाई नहटाई भ्रष्टाचार विरूद्धको यो अभियान रोकिन्न भनेर सबै दल मिलेर लोकमानसिंह कार्कीलाई पदमुक्त गरे। आफै भ्रष्टाचार गरि सजायाफ्ता लोकमानसिंहलाई भ्रष्टाचारको सम्पूर्ण सञ्जाल थाहा भएर उनले एकपछि एक समात्न थालेका थिए। उनको यो प्रयासले टान्सपेरेन्सी इन्टरनेशनलले नेपालमा संस्थागत भ्रष्टाचार रहेको कुरालाई पुष्टि गरेको थियो।

## विनोद...

मुख्यमन्त्री पवन चामलिङको ठूलो हिस्सा लगानी रहेको जानिफकारहरुले बताउन थालेका छन्। चाम्लिङले दस अरब रुपैयाँ चौधरीलाई 'लोन' दिएको गान्तोकतिर समेत चर्चा छ । अरबपतिको सूचीमा आफ्नो नाम नपरेपछि व्यापारी उपेन्द्र महतो निराश भएको उनी निकटस्थले बताएका छन्।

## संसद बाहिर...

संविधानलाई स्वीकार गरेर सत्ताको चास्नीमा डुब्नु नैतिक काम अवश्य होइन । तर सत्ताका लागि नैतिकतासँग सौदाबाजी गर्दै आएको छ राप्रपाले।

०४६ सालको राजनीतिक परिवर्तनपछि नेपाली कांग्रेसले झन्डै २७ वर्ष देशको नेतृत्व गर्‍यो । आर्थिक उदारीकरण र निजीकरणका नाममा कांग्रेसले विशेषत: छिमेकी मुलुक चीनले स्थापना गरिदिएका दर्जनौं उद्योगहरु ठूला व्यापारी घराना र व्यक्तिहरुलाई कौडीका मूल्यमा बेचेर खायो। धमिजाकाण्ड, लाउडाकाण्ड गिरिजाले नै घटाएका हुन्। टनकपुर जस्तो राष्ट्रघाती सन्धि गिरिजा शासनकालमै भयो । सांसद खरिद बिक्री र प्राडो पजेरोको विकृत संस्कृति लोकतन्त्रमा भित्र्याउने कांग्रेस नै हो । अहिले स्थानीय तह चुनावमा पनि कांग्रेसलाई हराउन जनता सचेत देखिँदैनन्।

एमालेले मनमोहन नेतृत्वको सरकारका समयमा आर्थिक विकास र निर्माणका आशलाग खाकाहरु कोरेको थियो । सय रुपैयाँ वृद्ध भत्ता दिएर ज्येष्ठ नागरिकहरुको सम्मान गर्दै 'आफ्नो गाउँ आफैं बनाउँ' भन्ने नाराका साथ विकास निर्माणमा जागर देखाएको एमालेलाई कांग्रेसले ९ महिना बढी सत्ता चलाउन दिएन । कांग्रेस पृष्ठभूमिकै तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायले मनमोहन नेतृत्वको सरकार एकै आदेशमा ढालिदिए । मध्यावधि निर्वाचन गराउने प्रधानमन्त्रीको विशिष्ट अधिकार मनमोहनलाई उपयोग गर्न दिइएन। जबकि गिरिजाले यही अधिकार प्रयोग गर्दै मध्यावधि चुनाव गराएका थिए । पछिल्लो समयमा एमाले अध्यक्ष केपी ओली सत्ताको नेतृत्वमा पुगे। मधेसी दलहरुको आन्दोलन उत्कर्षमा पुगिरहँदा र भारतले नेपालमाथि नाकाबन्दी थुपारेका बेला ओली देशको कार्यकारी प्रमुख बनेका थिए । ओली न त मधेसी दलहरुको हिंश्रक आन्दोलनसँग नै झुके न त भारतको नाकाबन्दीको अघि घुँडा टेके। बरु उनले चीनसँग ऐतिहासिक पारवहन सम्झौता गरेर भारतवेष्ठित अवस्थाको नेपाललाई भूपरिवेष्ठितको अवस्थामा मात्र सीमित गरिदिए । विकास र निर्माणका जोसिला सपनाहरु जनतालाई देखाए। यस्ता सपना जनतालाई देखाउने उनी अघि कोही प्रधानमन्त्री थिएनन् । नेपालले विकासमा गति लेला भनेर भारत आत्तियो र देउवा प्रचण्डलाई उचालेर ओली सरकार ढलायो। स्थानीय तह निर्वाचनमा एमालेको पल्लाभारी बन्ने सम्भावना बढ्दै गएको छ।

दस वर्ष जनयुद्धका नाममा देशलाई हिंसाको आगोमा लपेट्ने माओवादीकै कारण नेपाल आर्थिक रुपमा पचास वर्षपछि धकेलियो । अरबौंका विकास निर्माणका भौतिक पूर्वाधारहरु माओवादीहरुले नष्ट गरे। १७ हजार निर्दोष नेपाली जनतालाई मराए। बैंक डकैट गरेर जबर्जस्ती चन्दा असुली गरेर, जनतालाई लुटेर माओवादीहरुले आफ्नो आर्थिक अवस्था सुधारे। भारतको सहयोगमा माओवादीले गरेको कथित जनयुद्ध धनयुद्ध' रहेछ भन्ने पुष्टि भइसकेको छ। राजतन्त्रको अवसान गरी भारतीय भूमिकालाई नेपालमा बलियो बनाउनेबाहेक माओवादीले जनताका लागि कुनै काम गरेनन् । अझ संविधभान संशोधन गराएर हिन्दी भाषालाई राष्ट्र भाषा, अंगीकृत नागरिकलाई विशिष्ट संवैधानिक पद र सिमांकन परिवर्तन गरेर मधेस राज्य नै बनाउन प्रचण्ड सरकार लागिरहेको छ । यी दलहरुको विकल्पमा नयाँ दलहरु राजनीतिमा आए पनि उनीहरुलाई दलीय हैसियत नदिइनु लोकतन्त्रकै उपहास हो।

## देपसा...

जर्मनी मोडलको सहरी विकासको अवधारणाबारे आफू राम्रो जानकार भएकाले काठमाडौंलाई विश्वकै सुन्दर र व्यवस्थित सहर बनाउन सक्ने खाका आफूसँग भएको ढकाल बताउनुहुन्छ। प्रदूषणका मामिलामा सचेत ढकाल राजधानीमा झन्डै चार दशकदेखि साइकिलयात्रा गर्ने व्यक्तिको रुपमा चर्चित हुनुहुन्छ। निर्वाचन आयोगले साना दलहरुलाई दलीय चुनावचिन्ह नदिई स्वतन्त्र सरह व्यवहार गरेर ठूला दलकै पक्षपोषण गर्ने काम गरेको प्रति घोर आपत्ति जनाउँदै देपसा मोर्चाले अप्ठेरो परिस्थितिबीच केही ठाउँमा उम्मेदवारी दिएको छ।

देपसा मोर्चाका वरिष्ठ उपाध्यक्ष तथा नुवाकोट तलाखुका चर्चित युवा समाजसेवी कृष्णराज दुलाल पनि नुवाकोटको शिवपुरी गाउँपालिका वडा नं १ को वडाध्यक्ष पदको उम्मेदवार बन्नुभएको छ । तलाखुलगायत विभिन्न ठाउँमा विद्यालय निर्माण स्वरोजगार शिक्षाको माध्यमद्वारा गाउँका दिदीबहिनीलाई शिक्षा तथा स्वरोजगार बनाउने अभियान, भूकम्पपीडितलाई राहत सामग्री वितरणलगायत थुप्रै कामहरुमा सक्रियतापूर्वक लागि पर्नुभएका दुलाल सच्चा राष्टारा गाउँका दिदीबहिनीलाई शिक्षा तथा स्वरोजगार बनाउने अभियान, भूकम्पपीडितलाई राहत सामग्री वितरणलगायत थुप्रै कामहरुमा सक्रियतापूर्वक लागि पर्नुभएका दुलाल सच्चा राष्ट्रवादी, प्रखर वक्ता र समाजसेवी हुनुहुन्छ। आफ्नो ठाउँको विकास र गरिबी निवारणको लागि सधैंभरी चिन्तित रहने दुलाल आफूलाई तलाखुका जनताले विजयी गराउनेमा विश्वस्त हुनुहुन्छ।

नुवाकोट शिवपुरी गाउँपालिकाको उपाध्यक्षमा देपसा मोर्चाका केन्द्रीय सदस्य दीपक केसी उम्मेदवार बन्नुभएको छ। केसी त्यस भेगका युवा पंक्तिमा चर्चित हुनुहुन्छ। मिलनसार तथा सामाजिक काममा निरन्तर लागिपर्ने केसीको टिममा वडा नं. १ देखि रुद्रराज खत्री खुल्ला सदस्य, बट्टाइ अधिकारी -तुलसा) खुला सदस्य, रुल्दी तामाङ महिला सदस्य, ईश्वरी दमाई दलित महिला सदस्य उम्मेदवार बन्नुभएको छ । यसैगरी वडा नं. २ बाट राधिका श्रेष्ठ महिला सदस्य, तोकमाया तामाङ खुला सदस्य, नानीमाया थापा खुला सदस्यको उम्मेदवार बन्नुभएको छ।

काठमाडौंको टोखा नगरपालिकाबाट त्यस भेगको युवा समाजसेवीको रुपमा चर्चित रहनुभएका धर्मराज डंगोल मेयर र गीताकुमारी घिमिरे उपमेयरको उम्मेदवार बन्नुभएको छ । नयाँ नगरपालिकाका रुपमा रहेको टोखा नगरपालिकालाई प्रदूषण मुक्त बनाउने, स्मार्ट सिटीको अवधारणाअनुरुप व्यवस्थित सहरीकरण गर्ने, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता जनताका आधारभूत आवश्यकता पूरा गराउने काममा सक्रियतापूर्वक लाग्ने प्रतिबद्धता उम्मेदवार हरुले व्यक्त गर्नुभएको छ।

## को को...

वडाध्यक्ष तथा अन्य पदाधिकारी निर्विरोध भएका छन् । उपप्रमुखमा कुन्जो तेन्जिङ लामा निर्विरोध भएका छन् । त्यस्तै वडा नं. १ मा रितार छेपेल लामा, २ मा मिङमार फुन्जो लामा ३ मा साँगे दाबा लामा, ४ मा छिरिङ ढेन्डी घले र ५ मा सोनाम तेन्जिङ लामा वडाध्यक्ष निर्वाचित भएका छन् । मनाङको नासोको वडा नं. ६ मा कांग्रेसबाट डिमा औंगेल पुनेल र ७ मा धनबहादुर गुरुङ निर्विरोध निर्वाचित भएका छन् । वडा नं. ४ मा पनि दलितबाहेक सबै पदमा कांग्रेस उम्मेदवार निर्विरोध निर्वाचित भएका छन्। अध्यक्षमा हुपजंग गुरुङ, सदस्यमा केशकुमारी गुरुङ घले र महिला सदस्यमा फूलमाया गुरुङ निर्विरोध भए । नेस्याङ गाउँपालिका वडा नं. ३ मा कांग्रेसबाट दलित महिला सदस्यमा फूलमाया विक निर्विरोध भइन्।

लिसंखुपाखर गाउँपालिका वडा नं. ५ मा कांग्रेसबाट एक्ली दलित उम्मेदवार सुनिता सुनार पनि सदस्य पदमा निर्विरोध निर्वाचित भएकी छन्। माथिल्लो डोल्पाका ३ गाउँपालिकामा पदाधिकारी तथा सदस्य गरी ८९ जना निर्विरोध भएका छन्। शेफोक्सुन्डो, छार्कातांङसोङ र डोल्पोबुद्ध गाउँपालिकामा पदाधिकारी तथा सदस्य निर्विरोध भएका हुन् । शेफोक्सुन्डोमा उपाध्यक्षबाहेक सबै पदमा एमाले उम्मेदवार निर्विरोध भएका छन् । अध्यक्षमा एमालेका टसी तुन्डुप गुरुङको मात्र मनोनयन दर्ता भएको थियो।

## निर्वाचनको...

निर्वाचनको समयमा प्रयोग हुने पैसा र गुण्डाको पावर पनि हेर्न लायक हुन्छ । मतदातालाई प्रभाव पार्न जाँड, रक्सी र मासु भातको रेलो खेलो हुने गर्छ । गाउँघरतिर खसी, सुँगुर, राँगा काटेर चुनावी भोज गर्ने पुरानो चलन अहिले पनि कायमै छ । चुनावको निष्पक्षतामा संसद विकास कोष जस्ता जनप्रतिनिधिमार्फत सोझै गाउँमा जाने बजेटले पनि उत्तिकै प्रभाव पार्छ। संसदमा भएको दलले आफ्नो क्षेत्रमा सरकारी कोषको बजेट खन्याएर जनतालाई लोभ्याउने गरेका छन् । गुण्डागर्दी र बुथ कब्जा जस्ता अमर्यादित घटनाले पनि चुनावमा प्रभाव पार्छ । आफ्नो पहुँच बलियो भएका ठाउँमा बुथ कब्जा गरेर एकलौटी भोट खसाल्ने जस्ता क्रियाकलाप विगतका चुनावमा हुने गरेका छन्। त्यसैगरी निर्वाचन गराउन खटिने शिक्षक, कर्मचारीहरुले समेत ठूला पार्टीका एजेन्टका रुपमा काम गर्ने गरेका छन् । शिक्षकलाई लगाम लगाउनेबारेमा निर्वाचन आयोगले आयोजना गरेको गोष्ठीमा समेत प्रश्न उठेको थियो।

स्थानीय निकायको निर्वाचनलाई धाँधलीरहित, निष्पक्ष, पारदर्शी बनाउन निर्वाचन आयोगको महत्वपूर्ण भूमिका रहेको हुन्छ । आयोगले विश्वासिलो वातावरण बनाउन गम्भीरतापूर्वक ध्यान दिनैपर्छ।



## नेताको मुहार चिल्लो हुँदैमा देश र जनताको मुहार चिल्लो हुँदैन, देशको मुहार चिल्लो हुँदामात्र जनताको मुहार फेरिन्छ

- नेपाललाई संसारको दशमध्ये एक कंगाल र अति कम विकसित राष्ट्र बनाउने को हो ?
- नेपाललाई संसारको दशमध्ये एक भ्रष्ट राष्ट्र बनाउने को हो ?
- नेपाललाई भारतको एकल बजार बनाई संसारको सबैभन्दा ठूलो व्यापारघाटा भएको मुलुक बनाउने को हो ?
- देशका उद्योगहरुलाई कौडीको मूल्यमा बेची नेपाली युवायुवतीहरुलाई बेरोजगार बनाई विदेशमा फोहोरी, कठिन र खतरनाक काम गर्न जान बाध्य पार्ने को हो ?
- राजधानी काठमाडौंलगायत नेपालका सहरहरुलाई विश्वकै प्रदुषित र अनियोजित सहर बनाउने को हो ?
- हरेक नौ महिनामा बन्ने नयाँ मन्त्रिमण्डलको कारण बन्ने भूतपूर्वहरुको भीडको विलासिता र सुरक्षाका लागि राष्ट्रको ढुकुटी रित्याउने को हो ?
- भारतले टिस्टा-काँगडाको भूमिलाई उपनिवेश बनाउँदा, वर्तमान नेपालको सीमा मिच्दा, दशगजाको सीमा क्षेत्रमा अन्तर्राष्ट्रिय कानुनविपरीत एकतर्फी रुपमा बाँध र सडक निर्माण गरी नेपाली भूमि जलमग्न बनाउँदा अनि भारतीय सुरक्षा बल दिनदहाडै नेपाल पसी निर्दोष नेपालीको हत्या गर्दासमेत कानमा तेल हालेर बस्ने को हो ?
- जनताका छोराछोरी भने जीवनजल खान नपाएर मर्ने तर नेताहरुलाई करौडौं खर्च गरी विदेशमा औषधोपचार गर्न पठाउने को हो ?
- शिक्षालाई राजनीतिकरण गरी ८० प्रतिशतभन्दा बढी जनताका छोराछोरी पढ्ने सामुदायिक विद्यालयहरुको अधोगति गर्ने को हो ?

**यी भनेका हालसम्मका नेपाललाई शासन गर्ने भ्रष्ट, राष्ट्रघाती र असक्षम राजनीतिक नेता र तिनीहरूका टहलुवा प्रशासकहरू नै हुन् । तसर्थ यिनीहरूलाई वडादेखि केन्द्रसम्मै बढारी राजनीतिलाई उत्कृष्ट समाजसेवाको रूपमा स्थापित गर्न देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चाका उम्मेदवारहरूलाई स्थानीय निकायको वैशाख ३१ गते हुने निर्वाचनमा आमरूपमा विजयी गराऔं ।**

- हामी सामुदायिक विद्यालयलाई विकृत राजनीतिबाट मुक्त गरी, प्रवर्द्धन गर्दै गरिब जनताको छोराछोरीको लागि स्थानीयस्तरमा नै गुणस्तरीय तथा वालमैत्री शिक्षाको ग्यारेन्टी गर्छौं ।
- हामी स्वरोजगार शिक्षाको माध्यमबाट महिलाहरूमा भएको निरक्षरता, बेरोजगारी र गरिबीको अन्त्य गर्छौं ।
- हामी राज्य, बैंक र निजी क्षेत्रहरूलाई कृषि, वागवानी र पशुपालन जस्तो प्राथमिक क्षेत्रमा लगानी गर्न बाध्य पारी स्थानीय स्तरमा नै रोजगार सिर्जना गरी नेपाली युवायुवतीलाई विदेशिनबाट रोक्छौं र ग्रामीण तथा स्थानीयस्तरमा आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्छौं ।
- हामी जनतालाई स्थानीयस्तरमा आधारभूत स्वास्थ्य, स्वच्छ खानेपानी तथा फोहोर ब्यवस्थापनको ग्यारेन्टी गर्छौं ।
- अनाथ बालबालिका तथा असहाय वृद्धवृद्धाहरूको लागि स्थानीयस्तरमा आश्रम संचालन गरी लोककल्याणकारी समाजको सिर्जना गर्छौं ।
- हामी साना तथा लघुजलविद्युतको स्थानीयस्तरमा नै विकास गरी ग्रामीण क्षेत्रमा ब्यापक लघुऔद्योगिकरण तथा वातावरणमैत्री यातायातका सुविधाहरू प्रदान गर्छौं ।
- हामी स्थानीयस्तरदेखि नै हरियाली प्रवर्द्धन गरी पर्यावरणमैत्री र प्रदूषणमुक्त वातावरण बनाउनेछौं ।

हामी को हौं भन्ने जान्न चाहनुहुन्छ भने www.youtube.com Surendra Dhakal Social Activist भन्ने डकुमेन्टरी आफू पनि हेर्नुहोस् अनि अरुलाई पनि हेर्न प्रोत्साहन गर्नुहोस् ।



## सुरेन्द्र ढकाल

विशेषज्ञताको डक्टरेट सरकारी संगठन र ब्यवस्थापन (इटली)
स्नातकोत्तर, प्रशासनिक विज्ञान (जर्मनी)
अध्यक्ष देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चा
समाजसेवी, ग्रेटर नेपालका अभियन्ता, पर्यावरणवादी तथा साइकल यात्री
**देपसा मोर्चाबाट काठमाडौंको मेयरका प्रत्यासी**